# नेपालको वैदेशिक लगानी नीति र लगानीकर्ताहरूमा यसको प्रभाव

डा. भोला नाथ चालिसे, अर्पिता नेपाल र अनुराग पन्त

नोभेम्बर, २०१४

प्रकाशक

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

**प्रकाशक**
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौं, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फयाक्स: (९७७)-१-४४८-५३९१

ईमेल: info@samriddhi.org
वेबसाईट: www.samriddhi.org

**सहयोगार्थ**
Friedrich Naumann Foundation for Freedom

© समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

यस प्रकाशनको सर्वाधिकार समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सुरक्षित छ। यस संस्थासँग अनुमति नलिईकन, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ।

यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

ISBN: ९७८-९९३७-८९४७-२-२

पहिलो संस्करण : नोभेम्बर, २०१४
मुल्य : रु २०० मात्र

# विषयसूची


लेखकहरुको परिचय ख

कृतज्ञता ङ

**१. परिचय** १

**२. वैदेशिक लगानीमा प्रतिस्पर्धात्मक पक्षहरू** ७

**३. वैदेशिक लगानी नीति** २५

**४. वैदेशिक लगानी र नेपालको परिवेश** ३९

**५. निष्कर्ष** ५१

सन्दर्भ सामग्रीहरु ५५

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन : एक परिचय

# लेखकहरुको परिचय

## डा. भोलानाथ चालिसे

डा. चालिसे नेपालका ख्याति प्राप्त अर्थशास्त्री हुनुहुन्छ । राष्ट्रिय योजना आयोगका सदस्य-सचिव, स्थानीय विकास मन्त्रालय र उद्योग मन्त्रालयका सचिव, राष्ट्रिय वाणिज्य बैंकको अध्यक्ष, नेपाल विद्युत प्राधिकरणको प्रबन्ध निर्देशक लगायत अन्य विभिन्न सरकारी जिम्मेवारी र ओहदा सम्हाली सक्नुभएका डा. चालिसेले १६ वर्षसम्म सरकारका यी विभिन्न उच्च ओहदामा रहेर देश सेवा गर्नु भएको छ ।

विभिन्न सरकारी जिम्मेवारीहरु सम्हाल्ने क्रममा उहाँले देशमा लगानी र व्यवसायसम्बन्धी महत्वपूर्ण नीतिहरु निर्माण गर्न गहन भूमिका निर्वाह गर्नु भएको छ । खास गरी औद्योगिक व्यवसाय ऐन, १९९२ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ तयार गर्न उहाँको विशेष योगदान रहेको छ ।

## अर्पिता नेपाल

अर्पिता नेपाल समृद्धि फाउण्डेशनकी अनुसन्धान र विकास निर्देशक हुनुहुन्छ। उहाँले अमेरिकाको भर्जीनियाको जर्ज मेसन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको हो । यसका अतिरिक्त उहाँले त्रिभुवन विश्वविद्यालय किर्तिपुरबाट स्नातकोत्तर गर्दा अन्तर्राष्ट्रिय अर्थशास्त्रमा विशिष्टिकरण पनि गर्नुभएको छ । आर्थिक नीति विश्लेषणमा उहाँको व्यापक अनुभव छ । उहाँका लेखहरू नेपाल र दक्षिण एसियाका विभिन्न पत्रिका र राष्ट्रिय दैनिकहरूमा छापिएका छन् । उहाँले आर्थिक विकास र युवा उद्यमीबारे थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन र कार्यशालाहरूको मध्यस्तकर्ता र सहजकर्ता भएर पनि काम गर्नुभएको छ ।

## अनुराग पन्त

अनुराग पन्त समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा अनुसन्धान सहायकका रुपमा कार्यरत हुनुहुन्छ जहाँ वहाँ विभिन्न नीति प्रावधानहरुले व्यवसाय गर्नमा र आर्थिक वृद्धिमा कस्तो असर पार्न सक्छन् भन्ने कुराको विश्लेषण गर्नुहुन्छ । वहाँ जेभिएर ईन्टरनेश्नल कलेजमा कक्षा १२ मा अर्थशास्त्रको अध्यापन पनि गराउनुहुन्छ। संयुक्त राज्य अमेरिकको मिजोरी अवस्थित ट्रुमन स्टेट विश्वविद्यालयबाट वहाँले अर्थशास्त्रमा स्नातक गर्नुभएको हो ।

# कृतज्ञता

यस अध्ययनको शुरुवात देखि नै यो एक संयुक्त प्रयास रहिआएको छ । नेपालको व्यवसायिक वातावरणमा सुधार देख्न चाहने व्यक्तिहरु तथा नेपालको व्यवसाय क्षेत्रमा प्रत्यक्ष रुपमा संलग्न हुँदै आउनुभएका महानुभावहरुको सहयोग तथा मार्गनिर्देशनको प्रत्याभूतिविना यस अध्ययन सम्पन्न गर्न संभव थिएन । सर्वप्रथम, यस अध्ययनका लागि आवश्यक जानकारी बटुल्न र अध्ययन सम्पन्न गर्न निरन्तर रुपमा काम गर्नुहुने यस पुस्तकका लेखकहरुप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं । त्यसै गरी अध्ययनको क्रममा आवश्यक पर्ने जानकारी अगाडि ल्याउनका लागि समृद्धि फाउण्डेशनले आयोजना गरेका परामर्श कार्यक्रमहरुमा आइदिएर आफू काम गरिरहेको वातावरणका बारेमा खुलस्त रुपमा कुरा गरी सहयोग गर्नुहुने परामर्श कार्यक्रमका सहभागी व्यक्तित्वहरुप्रति हामी आभारी छौं । त्यसै गरी नेपाल स्थित अन्तर्राष्ट्रिय मुद्रा कोषले वैदेशिक लगानी सम्बन्धी कानून तथा नीतिहरुमा भएको असल अभ्यासको पहिचान गर्नमा गरेको सहयोग पनि यस अध्ययनको दिशा तय गर्नमा महत्वपूर्ण रहेको थियो । नेपालको सूचना प्रविधि क्षेत्र, जलविद्युत क्षेत्र र बहुराष्ट्रिय संस्थामा संलग्न उद्यमी तथा व्यवस्थापकहरुले नेपालमा अझ लगानी मैत्री वातावरण स्थापना गर्ने विषयमा राख्नुभएका विचारहरुले पनि यस अध्ययनमा महत्वपूर्ण सुझावहरु समेट्न ठूलो भूमिका खेलेको छ । यस अध्ययनलाई संभव बनाउनुहुने फ्रेडरिक नौमन फाउण्डेशनलाई पनि हाम्रो धन्यवाद । अन्त्यमा, यस अध्ययनको क्रममा उद्योग मन्त्रालयबाट प्राप्त प्रोत्साहनले नेपाललाई स्वतन्त्र र समृद्ध बनाउने हाम्रो प्रयासमा अझै हौसला थपेको पनि व्यक्त गर्न चाहन्छौं ।

समृद्धि, द प्रोस्पेरिटी फाउनण्डेशन
नोभेम्बर, २०१४

# अध्याय १ - परिचय

विश्व बजारमा मानिसहरुको पहुँच बढ्दै गइरहेको अवस्थामा, उदाउँदै गरेका बजारहरूलाई समृद्धितर्फ लग्नका लागि आवश्यक नीतिहरूको पुनर्संरचना गर्नु अत्यावश्यक हुन आउँछ । सम्पन्न देशहरूका उद्योग/व्यवसायहरूले लगानीको अवसर खोजी गरिरहेका हुन्छन् र यस्ता उद्यमहरूबाट स्रोत सम्पन्न देशहरूले फाईदा लिन सक्छन् । यस्ता अन्तर्क्रियाहरूले गर्दा लगानी गरेर नयाँ देशको बजार भित्रिने उद्यमहरूले मुनाफा बढाउन सक्छन् भने वैदेशिक पुँजी आउनाले लगानी प्राप्त गर्ने देशको उत्पादनको विभिन्न पक्षलाई अझ सबल बनाउन सकिन्छ । भाग्यवश पुँजीको संकलन कुनै देशको स्रोतहरु उत्खनन गरेर बाहिर लग्ने वा उक्त देशका स्रोतहरु अन्यायपूर्ण रुपमा प्रयो ग गर्नका लागि मात्र हुन्छ भन्ने होइन बलकि सहज प्रवेश तथा बर्हिगमन सम्पत्ति र उत्पादन गरिएका सामानको मूल्य निर्धारण गर्न पूर्ण नियन्त्रण र उद्यमको भविष्यका बारेमा निर्णय गर्न स्वतन्त्रता भएको व्यवसायिक वातावरणमा सबै प्रकारका व्यापारहरूको सुरुवात हुन्छ । नेपालले सन् २०२२ सम्ममा एक विकासोन्मुख देश हुने लक्ष्य राखेको छ र यस लक्ष्यले देशमा औद्योगीकरणको गति बढाउन देशभित्रै रहेका तथा विदेशी निजी क्षेत्रको सक्रिय र उत्साहप्रद सहभागितका लागि आवश्यक नीतिको र्निमाण र परिमाजन गर्नुपर्ने आवश्यकतालाई औंल्याउँदछ ।

प्रभावकारी र लक्ष्य अनुरुपको लगानी हासिल गर्ने विषयमा नेपाल कहिले पनि खासै सफल रहेको देखिएको छैन र एक दशक लामो गृहयुद्धले विकास निर्माणका कार्यहरु झन् सुस्त भएको पाइएको छ । आर्थिक सिद्धान्त अनुसार, उत्पादनका लागि पुँजी र श्रमको उपयुक्त सन्तुलन तथा मिश्रण हुन आवश्यक हुन्छ । तर ९ प्रतिशतमा रहेको नेपालको न्यून आन्तरिक बचत दरले (केन्द्रिय

तथ्याङ्क विभाग, २०१३) लक्ष्य अनुरुपको विकासको लागि व्यवहारिक रणनीतिहरू बनाउन आवश्यक पर्ने पुँजी पर्याप्त रुपमा जम्मा गर्ने क्षमता नेपाल एक्लैसँग नरहेको दर्शाउँछ । जलविद्युत विकास गर्ने, धार्मिक, सांस्कृतिक र सहासिक पर्यटनबाट पर्यटन सेवाको विस्तार गर्ने, सूचना प्रविधिको विशेषज्ञहरूका लागि उत्पादक भूमि हुने, अथवा अन्तर्राष्ट्रिय स्तरको शिक्षा सेवाहरूका लागि क्षेत्रिय केन्द्र समेत हुने जस्ता  व्यापक सम्भावनाहरु रहेको देशमा हालका प्रवृत्तिहरुलाई मध्यनजर गर्दा स्रोतहरूको प्रभावकारी उपयोग भइरहेको प्रत्याभूति दिने दरिलो आधार वा प्रमाण भेटिदैंन । कुल पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २१.२ प्रतिशत रहेको छ, जसमध्ये, ८१ प्रतिशत भन्दा बढी निजी क्षेत्रको तर्फबाट हुने गरेको छ ।

एशियाली विकास बैंङ्कको Macro Economic Update (२०१४)को प्रक्षेपण अनुसार वार्षिक बजेटको १६.५ प्रतिशत बजेट मात्रै पुँजी निर्माणका लागि खर्च गरिनेछ, जसले यस्तो महत्वपूर्ण विषयमा सरकारको तर्फबाट पर्याप्त रूपमा ध्यान दिइएको छैन भनेर प्रकाश पार्दछ (अर्थ मन्त्रालय, २०१३) । यद्यपि, प्राविधिक विकास र तुलनात्मक रूपमा अलि सुरक्षित राजनीतिक वातावरणलाई मध्यनजर गर्दा, नेपालले वैदेशिक कम्पनीहरूलाई नेपाली बजारमा काम गर्ने अनुमति दिएर आफ्नो न्यून आन्तरिक पुँजी निर्माण दरलाई सन्तुलन गर्न सक्छ र वैदेशिक लगानीले आर्थिक वृद्धिका लागि एक महत्वपूर्ण भूमिका खेल्न सक्छ (कोहलर, २०१०; आसिदेऊ, २००२) । यद्यपि, लगानीमैत्री वातावरणको अभावमा लगानी गर्न सम्भव हुदैन (कोहलर, २०१०) । तसर्थ, नेपाल सरकारले देश भित्र र बाहिर बाट हुने निजी लगानीलाई स्वागत तथा प्रोत्साहन गर्ने उद्देश्य राखी सोही अनुरुप सञ्चार गर्न अत्यन्तै आवश्यक छ। यसका लागि नियम तथा शर्तहरू, उत्प्रेरणाका आधारहरू, विशेष अधिकारहरू, प्रत्याभूतिहरू र कुनै प्रतिबन्धहरू (यदि भएमा) सबै कुराको स्पष्ट जानकारी उपलब्ध गराउनुपर्छ ।

विदेशी लगानी तथा प्रविधि ऐन २०३८को निर्माण भएसँगै, नेपालले मुलुक भित्र वैदेशिक लगानीको अवसरहरू खुल्ला गऱ्यो । वि.सं २०३८मा पूर्वाधारहरूको विकास तथा जनकल्याणमा केन्द्रित यस नीतिगत प्रयास, वि.सं २०४९मा भएको उदारीकरणको समयावधिका नीतिहरू, र भर्खरै विचार विमर्शका लागि प्रस्ताव

गरिएको वैदेशिक लगानी नीति २०७१को मस्यौदासम्म आइपुग्दा नेपालले आफ्नो अर्थतन्त्रलाई समसामयिक आर्थिक अभ्यासहरू अनुरुप राख्नका लागि वैदेशिक लगानी नीतिहरूमा निरन्तर रूपमा धेरै संशोधनहरू गर्दै आएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ले वैदेशिक लगानीलाई कुनै पनि परिमाण र रकममा उक्त ऐनको नकरात्मक सूचीमा समावेश गरेका केही सीमित क्षेत्रहरूमा बाहेक अरू सबै क्षेत्रका लागि खुल्ला गऱ्यो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ लागु भएको अहिले २२ वर्ष भइसक्दा विश्वमा हाल चलिरहेको आर्थिक प्रवृत्तिहरु अनुरुप चल्नका लागि नेपालले विद्यमान नीतिहरूमा 'दोस्रो चरणको' सुधारहरू ल्याउनु आवश्यक छ। यसै परिदृश्य अनुरुप नेपाल सरकार उद्योग मन्त्रालयले वैदेशिक लगानी नीति २०७१को मस्यौदालाई विचारका लागि प्रस्तुत गरेको छ (जसलाई यस पत्रमा अब उप्रान्त "वैदेशिक लगानी मस्यौदा" "मस्यौदा" वा "नयाँ मस्यौदा" भनिनेछ) ।

विश्व बैंकको 'डुइङ्ग बिजनेस रिपोर्ट २०१४'का अनुसार विश्वभरिका अध्ययन गरिएका १८९ अर्थतन्त्रहरूमध्ये नेपाल १०९औं स्थानमा रहेको छ, जसले नेपालमा व्यापार व्यवसाय सुरु तथा सञ्चालन गर्न कठिन नियामक वातावरण र कर्मचारीतन्त्रबाट बाधाहरू हुने कुरा इंगित गर्दछ (Doingbusiness.org) । त्यसैगरी, दि हेरिटेज फाउण्डेशनले आफ्नो 'इकोनोमिक फ्रिडम अफ दि वर्ल्ड रिपोर्ट २०१४'मा नेपाललाई १६५ अर्थतन्त्रहरूमध्ये १४९औं स्थानमा राखेको छ। उक्त प्रतिवेदनले नेपालमा सम्पत्तिको अधिकार, व्यवसाय गर्दाको सहजता, विधिको शासन र अन्य यस्तै 'आर्थिक' सूचांकहरूका आपत्तिजनक स्थितिका बारेमा प्रकाश पारेको छ (इकोनोमिक फ्रिडम अफ दि वर्ल्ड रिपोर्ट, २०१४) । त्यसैगरी, सयुंक्त राष्ट्र संघीय विकास कार्यक्रमको सन् २०१३ को मानव विकास प्रतिवेदनले नेपाललाई मात्रै ०.४६३ सूचाङ्क सहित १५७ औं स्थानमा राखेको छ, जसले नेपालको "मानव विकासका मुख्य आयामहरू : स्वस्थ तथा दीर्घ जीवन, जानकार हुने, र ... जीवनस्तरसम्बन्धी औसत उपलब्धीमा" कमजोर स्थितिलाई प्रतिबिम्बित गरेको छ (मानव विकास प्रतिवेदन, २०१४) । अबको ८ वर्षमा विकासशील राष्ट्रको श्रेणीमा उक्लने लक्ष्य राखेको मुलुकका लागि यी तथ्याङ्कहरू शायद राम्रा लक्षण होइनन् । नेपाल लगानीको लागि साँच्चै उपयुक्त गन्तव्य हो त भनेर नेपालमा लगानी गर्न इच्छुक उद्यमीहरूलाई यस्ता स्पष्ट संकेतहरूले

विचार गर्नका लागि बाध्य बनाउछन् । आर्थिक स्वतन्त्रता र व्यवसाय गर्दाको सहजताको निराशाजनक स्थितिका बारेमा यी सूचांकहरूले संकेत गरिरहेका छन् । यस्तो अवस्थामा यदि नेपालमा वैदेशिक लगानी भित्रिहालेमा, उच्च श्रेणीको वैदेशिक लगानी र प्रविधि हस्तान्तरणबाट उच्चतमा लाभ लिने कुरामा नेपालको मानव पुँजीसँग पर्याप्त क्षमता नहुने भन्ने निष्कर्ष पनि केहीले निकाल्न सक्छन् ।

तसर्थ, नेपाली अर्थतन्त्रको समग्र विकास गरेर नेपाललाई विकासशील राष्ट्रहरूको श्रेणीमा उकाल्नका लागि हाल प्रस्ताव गरिएको वैदेशिक लगानी नीतिले वैदेशिक लगानीलाई आकर्षण गर्न सक्छ कि सक्दैन भनेर समृद्धि, द प्रोस्पेरिटी फाण्उडेशन (यस पश्चात "समृद्धि" भनिने)ले, मूल्याङ्कन गर्ने प्रयास गरेको हो । मस्यौदा वैदेशिक लगानी नीतिका असंगतिहरुलाई अगाडि ल्याउँदै एक राम्रो नीति कस्तो हुनपर्छ भनेर प्रकाश पार्न र भिन्नताहरू पहिल्याउनका लागि वैदेशिक लगानीको क्षेत्रगत विज्ञहरू, विशिष्ठ निजामती कर्मचारीहरू, उद्यमीहरू, क्रियाशील वैदेशिक लगानीकर्ताहरू र अन्य सरोकारवालाहरूसँग व्यक्तिगत तथा सामुहिक परामर्शका सत्रहरू सञ्चालन गरिएको थियो । नेपालको परिप्रेक्षमा नीतिहरू कानुनीरूपमा बाध्यकारी हुँदैनन् र यिनीहरूले कार्यकारी तहका निर्णयकर्ताहरूलाई निर्देशन मात्र गर्दछन् । तसर्थ, नीतिगत दस्तावेजमा परिवर्तन ल्याउँदैमा यसको कार्यान्वयनको सुनिश्चितता हुन सक्दैन । सुधारका उपायहरूको कार्यान्वयन सुनिश्चित गर्नका लागि नीतिगत सुधार प्रक्रियाको विषयमा भएका बहसहरूले विद्यमान ऐन कानुनमा हुनुपर्ने संशोधनलाई सम्बोधन गर्नु पर्दछ ।

यो मूल्याङ्कन भन्दा अघि प्रस्तावित वैदेशिक लगानी नीतिको मस्यौदालाई नेपाल जस्तै इतिहास भएका र नेपाली अर्थतन्त्र जस्तै प्रवृति भएका एशियाका अन्य अर्थतन्त्रहरूसँग तुलनात्मक विश्लेषण गर्ने काम पनि समृद्धिले गरेको थियो । यस्ता गतिविधिहरूले समृद्धिलाई एक उदार वैदेशिक लगानी नीतिका आवश्यकताहरूलाई अझ राम्ररी प्रस्तुत गर्न सहयोग गरेको थियो र उक्त नीतिले प्रत्यक्ष असर पुऱ्याउने पक्षहरूको विचार पनि समावेश गरिएको थियो ।

यसपछिका अध्यायहरूमा वैदेशिक लगानी नीतिले सम्बोधन गर्ने विभिन्न शीर्षकहरूलाई व्याख्या गरिएको छ, साथै समष्टिगत अर्थतन्त्रका महत्वपूर्ण

पक्षहरूसँग सम्बन्ध राख्ने नीतिका अन्य प्रावधानहरूलाई पनि समावेश गरिएको छ । वैदेशिक लगानी आउने क्रमलाई बढावा दिने परिवर्तन तथा प्रावधानहरूलाई प्रकाश पार्नका लागि कोष्टा रिका, मरिसस् र घाना जस्ता देशहरूको सन्दर्भ पनि राखिएको छ। अध्याय ३ ले मस्यौदामा संलग्न गरिएका प्रावधानहरु सारांशमा प्रस्तुत गर्नुका साथै कस्तो देशका लागि कस्तो नीति ठीक हुन्छ भन्ने दृष्टिकोण अघि सारेको छ । अध्याय ४ विश्वका अन्य भूभागमा कार्यान्वयन भएका सफल अभ्यासहरूलाई नेपालको कानुन व्यवस्थामा ढाल्ने सुझावहरूमा केन्द्रित गरेको छ । अन्तिम अध्यायले यस पत्रको निष्कर्ष प्रस्तुत गर्दछ ।

# अध्याय २ - वैदेशिक लगानीमा प्रतिस्पर्धात्मक पक्षहरू

## १. वैदेशिक लगानी कसरी सहयोगी सिद्ध हुन सक्छन् ?

यदि बजारलाई केवल आदिम र विकसित बजारका रूपमा मात्र वर्गीकरण गर्ने हो भने, नेपाललाई विना कुनै आशङ्का, आदिम बजारको रुपमा वर्गीकरण गर्न सकिन्छ । यद्यपि, नेपालले विकसित उद्योगहरूको उपस्थितिबाट ठूलो फाइदा उठाउन सक्दछ । यसो भएमा, घरेलु उद्यमहरू (जुन तुलनात्मक रूपमा अविकसित रहेका छन्)ले विकसित उद्योगहरूलाई त्यस अवस्थामा पुर्‍याउने व्यापारका अभ्यासहरूका बारेमा सिक्ने अवसर पाउनेछन् र उनीहरूलाई स्रोतसाधनको प्रयोग लगायत कच्चा पदार्थलाई तयारी मालसामान बनाउने प्रक्रिया अझ प्रभावकारी बनाउन दबाब पर्नेछ । एक पटक यस्तो स्वेच्छिक वा अनैच्छिक परिवर्तन देशमा भएमा, खर्च भइसकेको लागतका रूपमा, यस्ता परिवर्तनहरू जारी रहन्छन् र अन्ततः देशको अर्थतन्त्रको मुहार परिवर्तन हुन्छ ।

## २. समष्टिगत र सुक्ष्म अर्थतन्त्र सम्बन्धित सुधारहरू र प्रत्यक्ष वैदेशिक लगानी

कुनै पनि देशमा भित्रिने वैदेशिक लगानीको निरन्तरता र प्रभावकारितालाई निर्धारण गर्ने थुप्रै कारणहरू मध्ये देशको विद्यमान समष्टिगत आर्थिक अवस्था निश्चय नै एक महत्वपूर्ण कारण हुन्छ । एलिजावेथ एसीदुले आफ्नो कार्यपत्र, “अन द डिटरमिनेन्टस् अफ फोरेन डाइरेक्ट इन्भेष्टमेन्ट टू डिभेलपिङ कन्ट्रीजः इज अफ्रिका डिफरेन्ट”मा, केही कारकहरूको परिचय गराएकी छिन् जुन वैदेशिक लगानीसँग सम्बन्धित प्रकाशनहरूमा व्यापक रूपमा प्रयोग भएको पाइन्छ । उनका

अनुसार व्यापरका लागि उदारपन तथा पूर्वाधारको गुणस्तर जस्ता निर्धारकहरूको सकारात्मक असरलाई प्रकाश पार्ने महत्वपूर्ण प्रमाणहरू उपलब्ध भएता पनि उच्च कर र राजनीतिक अस्थिरताका नकारात्मक प्रभाव, श्रम लागत र प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन जस्ता कुराहरूको प्रभावका बारेमा प्रमााणहरु निश्चितताका साथ अगाडि आएका छैनन् (एसीदु, २००२) । वैदेशिक लगानी र त्यस्ता लगानीका साथ आउने पुँजी लगानी भित्रिने देशको अर्थतन्त्रमा निर्भर हुने मात्रै नभई यसले भविष्यमा उक्त देशको अर्थतन्त्रमा प्रभाव पार्न सक्छ । नयाँ उद्यम तथा संस्थाहरूले नयाँ वस्तु तथा सेवाहरूको उत्पादन गर्ने मार्ग स्थापित गर्दछन्, जसले गर्दा लगानी भित्रिने मुलुकका बासिन्दाहरूका लागि रोजगारीका अवसरहरू सिर्जना हुन्छ । यद्यपि, पैसा पानी जसरी नै बग्दछ र जुन क्षेत्रमा पहिले देखि नै बढी छ, त्यही क्षेत्रमा संकलन हुनका लागि आकर्षित हुन्छ । यस्तो पैसा स्वीकार्नेइच्छाशक्ति वा क्षमताको पूर्ण अभावमा वैदेशिक लगानी भित्रिन सक्दैन । असल आर्थिक नीतिहरू तथा ठोस आर्थिक संरचनाले पुँजी अत्यावश्क परेका क्षेत्रहरूमा पुँजी जुटाउनमा निकै योगदान पुऱ्याउन सक्दछन् ।

त्यसै गरी, बढ्दो विश्वव्यापीकरण तथा व्यापारका व्यावधानहरूलाई घटाउने दिशामा विभिन्न द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौताको हिस्सा भएर नेपालले चालेको पाइलाहरूको परिप्रेक्ष्यमा, नेपालको घरेलु बजारको सानो आकार वैदेशिक लगानी आकर्षण गर्नका लागि अलि कम महत्वपूर्ण पक्ष हुनेछ (ब्लोम्स्ट्रोम लगायत, २००३) । यसमा देश भन्दा पनि नेपाल विश्वको जुन क्षेत्रमा रहेको छ, उक्त क्षेत्रको बढी महत्व हुन जान्छ । ब्लोम्स्ट्रोम र कोक्कोको तर्कअनुसार उद्यमीहरूले कहाँ आफ्ना संस्थाहरू स्थापना गर्ने भन्ने विषयमा निर्णय गर्दा छनौटमा पर्न जाने स्थानको घरेलु बजार भन्दा पनि त्यस स्थानमा पर्न आउने उत्पादनको लागत निर्धारक हुन्छ (ब्लोम्स्ट्रोम लगायत, २००३) । यस तर्कका आधारमा हामी के निष्कर्षमा पुग्न सक्छौं भने, उद्यमीहरूले कुनै पनि देश तब मात्रै छनौट गर्दछन् जब त्यस देशको श्रम शक्ति र अन्य उपलब्ध स्रोतहरूको प्रयोगले उनीहरूको उत्पादनको लागत घटाउँछ अथवा अन्य विकल्पहरूमध्येमा त्यस देशमा केही बढी फाइदा हुन्छ । यसमा निर्यात गर्न चाहने उद्यमहरूका लागि उत्पादनको लागतले समानुपातिक रूपमा असर गर्छ भनेर कसैले निष्कर्ष निकाल्न पनि सक्दछ, तर

उद्यमको उद्देश्य जेसुकै भए पनि उद्यम सुरु गर्ने कि नगर्ने भन्ने निर्णय धन, पूर्वाधार, सीपको स्तर र राजनीतिक स्थिरता जस्ता सूचाङ्कहरूमा निर्भर रहन्छ (ब्लोम्स्ट्रोम लगायत, २००३) । कुनै पनि देशको समष्टिगत अर्थतन्त्रको प्रदर्शनको सन्दर्भमा उल्लेखनीय रेकर्ड भएता पनि, यसका विभिन्न पक्षहरूलाई प्रयोग गर्नका लागि बहुराष्ट्रिय कम्पनीहरूले बजारलाई सदुपयोग गर्न सकेनन् भने यस्ता रेर्कडले खासै महत्व राख्दैन । यहाँ (बजारमा) भित्रिने र बाहिरिने कुरा विशेष गरी उद्यमहरू कति सहजताका साथ स्थापना र सञ्चालन हुन्छन् भन्ने विषयसँग सम्बन्धित र हने हुँदा सरकारी कर्मचारीतन्त्र र प्रक्रियाहरू लगानीकर्ताहरूले विचार पुऱ्याउने महत्वपूर्ण विषय बन्न जान्छ ।

कर्मचारीतन्त्रको स्थापना र यससँग सम्बन्धित प्रक्रियाहरूले एक विशेष स्थानान्तरण समस्यालाई प्रकाश पार्दछन् जुन भगवती, ब्रेचर र श्रीनिवासन्ले उनीहरूको कार्यपत्र डीयूपी (डाइरेक्टली अनप्रोडक्टीभ प्रोफिट सिकिङ) एक्टीभिटिज एण्ड इकोनोमिज थ्योरीमा प्रस्ताव गरेका छन् । उनीहरूका अनुसार, जब स्थानान्तरण हुने धन सिधै उपोभोक्ताको हातमा नगई सरकारको बजेट मार्फत स्थानान्तरण गरिन्छ, स्थानान्तरण गर्नका लागि अनुचित प्रभाव पार्ने खालका कार्य (अथवा भ्रष्टाचार) हुन्छन् (भवगती लगायत १९८४) । वैदेशिक लगानीकर्ताहरू तथा उनीहरूले गर्ने लगानीको निर्णयहरू माथिको हाम्रो विश्लेषणमा, यदि हामीले लगानीलाई "स्थानान्तरण गर्न सकिने धन" र त्यस्ता लगानी (धन)लाई छनौट तथा नियमन गर्नका लागि आवश्यक पर्ने बजेटलाई 'सरकारी बजेट मार्फत हुने स्थानान्तरण' गर्न विभिन्न कार्यालय तथा निकायहरूको स्थापनाबाट गर्ने भनेर मान्यौं भने, हामीले के परिकल्पना गर्न सक्छौं भने उक्त स्थानन्तरण ती व्यक्तिहरुबाट हुन्छ जसले देशमा लगानीकर्ताहरूलाई आफ्ना गतिविधिहरू सञ्चालन गर्न दिँदा केही पाउन सक्छन् । लगानीको अनुमति दिने वा नदिने संस्थामा कार्यरत कुनै पनि व्यक्तिले सजिलै त्यो अख्तियारीको प्रयोग गरेर व्यक्तिगत लाभ उठाउन सक्षम हुन्छ । त्यसै गरी, प्रवर्द्धन गर्ने विषयमा, जो व्यक्तिहरूमा लगानीको प्रवर्द्धन गर्ने अख्तियारी हुन्छ, ती व्यक्तिहरू कानुनलाई आफू अनुकूल व्याख्या गरेर फाइदा उठाउने गतिविधिहरूमा संलग्न हुन सक्छन्, जसले गर्दा सम्भावित लगानीकर्ताहरू निरुत्साहित हुन्छन् ।

बजारमा अन्य प्रतिस्पर्धीहरुको प्रवेशमा रोक लगाउन सरकारका निकायहरूलाई दबाब दिने, एक प्रकारको व्यापारको साटो अर्को व्यापार गतिविधिलाई प्रर्वद्धन गर्न वकालत गर्ने जस्ता क्रियाकलापहरुमा देखिने "स्थानान्तरण गर्न अनुचित प्रभाव पार्ने खालका कार्यहरू" अनुत्पादक फाइदा लिन खोज्ने गतिविधिहरू हुन् । सरकारी कर्मचारीहरूबाट कानुनलाई आफू अनुकूल व्याख्या गरी फाइदा उठाउन खोज्ने गतिविधिहरू, व्यवसाय स्थापना गर्नका लागि हुने अत्याधिक व्यावधानहरू र अन्य त्यस्तै अनुसरणहरूले लगानीकर्ताहरुमाझ लगानी प्राप्त गर्न खोजिरहेको देशको प्रतिष्ठा बिगार्न सक्छ । कुनै नीतिले लगानीकर्ताहरुलाई प्रो त्साहन गर्ने उद्देश्य राखी सुविधाहरु घोषणा गर्दा यी कुराहरु कहिलेकाँही माथि उल्लेखित प्रतिउत्पादक गतिविधिहरूसँग मेल खान सक्छ । उदाहरणका लागि आर्थिक सुविधाहरु दिँदा यसले उद्यमीहरूलाई उद्यमको मार्फत सम्पत्ति सिर्जना गर्नुको साटो उक्त आर्थिक सुविधाको मात्रै अधिकतम उपयोग गरी नाफा हासिल गर्न अभिप्रेरित गर्न सक्छ । त्यसै गरी, सुविधाहरु दिनका लागि नियामक प्रावधान तथा सम्बन्धित चरणहरूमा दर्ता गर्ने प्रक्रियाहरूलाई प्रयोग गर्दा भ्रष्टाचारका अवसरहरु पनि सिर्जना हुन सक्छन् । नीतिको जंजाल बाक्लो भएको वातावरणमा यस्ता सुविधाहरुले लगानीकर्तालाई धेरै सहयोग गर्दैनन् किनभने यस्तो अवस्थामा यी सुविधाहरुबाट पाउन सक्ने लाभ भन्दा व्यवसाय शुरु गर्ने लागत नै बढी पर्न सक्छ ।

सरकारी निकायहरूको क्षमता र यी निकायहरुबाट हुने निर्णयहरूसँगसँगै, कुनै पनि मुलुकमा स्रोतहरूको उपलब्धताले पनि वैदेशिक लगानी भित्रिनुमा महत्वपूर्ण भूमिका खेल्दछ । मानव संसाधन एक महत्वपूर्ण स्रोत हो र कुनै पनि मुलुकको श्रम शक्तिको उपलब्धतामा निर्भर रहँदै, त्यस देशको मानव संसाधनको क्षमता र उपयोगितालाई पनि वैदेशिक लगानीको आगमनले बढावा दिन सक्छ । शिक्षाको स्तर, स्वास्थ्य तथा पोषणसँग सम्बन्धित सेवामा पहुँच र ज्यालाले कुनै पनि देशको जनसंख्याको क्षमतालाई निर्धारित गर्न सक्दछ । उच्च स्तरको शिक्षा आर्जन र पर्याप्त स्वास्थ्य सुविधाहरूले एकातर्फ देशको श्रमशक्तिलाई योग्यतालाई बढाउँदछ भने, अर्को तर्फ उच्च ज्यालादरले प्रभावकारी लगानीका अवसर खोजीरहेको लगानीकर्ताहरुलाई हतोत्साही बनाउन सक्छ (एसीदु, २००२) ।

तर, रोजगारका अवसरहरूमा हुने वृद्धि र कामदारहरूको उच्च मागले त्यस देशको कामदारको सौदाबाजी क्षमतालाई बढाउन सक्छ र दीर्घकालमा यसले ज्यालाको अवस्थालाई सुधार गर्दछ (फ्रिडमेन, १९९७) । दक्षता खोज्ने लगानी त्यस्ता हुन्छन् जसले कुनै एक विशिष्ट बजारबाट मात्र लाभ लिन खोज्दैनन् र यस्ता परियोजनाहरूले लगानीको बारेमा निर्णय गर्दा स्रोतको उपलब्धतालाई बढी महत्व दिने सम्भावना प्रबल हुन्छ । उदाहरणका लागि, कोष्टा रिकाको उत्पादन क्षेत्रमा, विशेष गरी सूचना प्रविधि र चिकित्सा उपकरणको उत्पादनको क्षेत्रमा, वैदेशिक लगनी भित्रयाउन गरेको उल्लेखनीय प्रदर्शनको श्रेय केही हदसम्म उक्त देशको उच्च सीपयुक्त तथा शिक्षित श्रमशक्तिलाई जान्छ (कोरडेरो लगायत २००८) । छलफलमा रहेको वैदेशिक लगानी नीतिको मस्यौदाले जलविद्युत, पूर्वाधार विकास, खनिज तथा उत्पादन, पर्यटन र कृषि जस्ता क्षेत्रमा लगानी प्राथमिकतामा राख्ने उद्देश्य राखेको छ, जसले नेपालले पनि दक्षता खोज्ने किसिमका लगानी परियोजनाहरू भित्राउन चाहेको प्रकाश पार्दछ । तसर्थ, शिक्षित, स्वस्थ तथा प्रभावकारी श्रमशक्तिलाई बढावा दिनु भनेको, वैदेशिक लगानी आकर्षित गर्ने मुख्य कदम हो ।

बलियो र उत्पादक स्रोतहरूको पहुँच बाहेक, लगानीकर्ताको आफूले आर्जन गरेको आयमा आफ्नो कत्तिको नियन्त्रण रहन्छ भन्ने कुरा विचार गरेर पनि लगानी गर्ने नगर्ने निर्धारण गर्दछन् । उच्च करको दरले लगानी निरुत्साहित गर्न सक्छ र अत्याधिक नियमहरूले उद्यम स्थापना गर्ने पहिलो कदम नै रोक्न सक्छ । सबै अर्थतन्त्रहरूमा कुनै न कुनै किसिमको कर तथा नियमहरू हुन्छन्, र यस्ता नीतिहरू एकअर्कासँग नबाझीउन र कर तिर्ने र लिने पक्षहरूले एकै धरातलबाट सुरुवात गरून् भन्ने कुरा सुनिश्चित गर्नका सचेत हुनुपर्दछ । अपर्याप्त र अनुचित रूपमा व्याख्या गरिएका कर र भन्सार कागजातहरूले भ्रम पैदा गर्न सक्छन् र सम्भावित लगानीकर्ताहरूमाझ उनीहरूले तिर्नुपर्ने रकमका विषयमा अनिश्चितता पैदा गर्न सक्छन् । साथै, त्यस्ता ऐन कानुनहरूका विभिन्न शर्त तथा नियमहरूको प्रक्रिया पुर्याँउदा कारोबारको लागत बढन गई व्यवसाय गर्ने लागत वृद्धि गर्दछ । एडमिस्टन, मड र भलेभले सुझाएअनुसार, “विभिन्न आर्थिक गतिविधिहरुका लागि धेरै विशेष करका दरहरू, कानूनमा भएका अस्पष्ट भाषाहरू

र करसम्बन्धी कानूनहरूमा बारम्बार र असंबद्ध रूपले हुने परिवर्तनले वैदेशिक लगानी भित्रिने प्रवृतिमा नकरात्मक असर पर्छ (एडमिस्टन लगायत, २००३) ।" बारम्बार नेतृत्व परिवर्तन भइरहने नेपालको इतिहास, आपसमा बाभिने करसम्बन्धी कानूनहरू र लगानीको रकम र संलग्न हुने क्षेत्रका आधारमा भिन्न व्यवहार गर्नेखालका विभिन्न प्रावधानहरुले लगानीकर्ताहरूका लागि चाहिने उच्चकोटीको करसम्बन्धी प्रावधानहरू भएको देशको रुपमा नेपाललाई स्थापित गर्ने लक्ष्यबाट पर धकेलिरहेका छन् ।

नेपालमा लगानीको वातावरणलाई सुधार गर्नका लागि चाल्नुपर्ने शुरुवाती कदमहरू मध्ये लागु भएका दस्तावेज तथा नीतिहरू सजिलै भेटिन सक्ने र सहजै बुझ्न सक्ने प्रकारको हुने कुरा सुनिश्चित गर्नुपर्दछ । यस्ता संशधोनहरूले खर्च हुने समय र लागतलाई धेरै हदसम्म घटाई नयाँ व्यवसायहरूको स्थापना गर्न सहजीकरण गर्दछ ।

बजारले खेल्न सक्ने भूमिकालाई वृद्धि गर्न चाहने मुलुकहरूका लागि उदार नीति तथा प्रक्रियाहरू जति महत्वपूर्ण हुन्छन्, मुलुकलाई आर्थिक रूपमा उदार बनाउनु पनि त्यत्ति नै महत्वपूर्ण हुन्छ । सारांशमा भन्नुपर्दा, अपेक्षाकृत प्रतिस्पर्धाका लागि केही पूर्व तयारीहरू पूरा गर्नु पर्दछ जसले गर्दा घरेलु उद्यमहरूले पनि नवाअन्गान्तुकहरूबाट फाइदा लिन सकुन र विदेशका बजारमा पनि सुधारिएको पहुँच स्थापित हुन सकोस् । सन् १९९३मा नेपाली रुपैयाँ चल्ती खातामा पूर्ण रूपमा परिवर्तनीय बनाइएको थियो (पन्त, २००७) । यद्यपि, पूर्ण रूपमा उदार बजारमा दुवै, चल्ती र पुँजीगत खाताहरू परिवर्तनीय हुनु पर्दछ । चल्ती खाताको परिवर्तनशीलताले नेपाली रुपैयाँलाई कुनै पनि अर्को परिवर्तनशील मुद्रामा परिवर्तन गर्न सकिन्छ । पुँजीगत खाताको परिवर्त्यता भनेको, रिजर्भ बैंक अफ इन्डियाको अनुसार, "बजारद्वारा निर्धारित विनिमय दरको आधारमा स्थानीय वित्तिय सम्पत्तिलाई वैदेशिक वित्तिय सम्पत्तिमा परिवर्तन गर्ने र वैदेशिक आर्थिक सम्पत्तिलाई स्थानीय आर्थिक सम्पत्तिमा परिवर्तन गर्न सक्ने स्वतन्त्रता" हो (रिर्जभ बैंक अफ इन्डिया, १९९७) । विश्वव्यापीकरण र विश्व बजारको तीव्र समायोजनको परिप्रेक्ष्यमा विश्वमा आफ्नो स्थानलाई परिवर्तन गर्न विश्व बजार प्रक्रियामा नेपालको वृहत सहभागिता हुनु जरुरी छ। यसो गर्नका लागि सबैभन्दा उत्तम उपाय भनेको नेपाली सम्पत्ति सबैभन्दा बढी कहाँ चाहिएको छ र

आवश्यकता परेको बेला वैदेशिक सम्पत्तिलाई नेपाल भित्रिन दिने कुराको निर्णय बजारको हातमा छोडिदिनु हो । यद्यपि, पुँजीगत खाता परिवर्त्यता विवेकपूर्ण रुपमा कार्यान्वयन गरिनु पर्दछ ताकि इच्छा नगरिएको तथा आकस्मिक पुँजी पलायन रोकथाम गर्न सकियोस् । साथै, सुरक्षित रुपमा पुँजीगत खाता परिवर्त्यता अबलम्बन गर्दा कार्यान्वयन गर्ने मुलुकलाई व्यापारसम्बद्ध घाटाको झट्काबाट बचाउनका लागि निर्यातका आधारलाई विस्तार गर्नु आवश्यक हुन्छ (स्नाइडर, २०००) । निर्यातका आधारलाई विस्तार गर्दा देशको व्यापार सन्तुलनलाई चक्रीय दबाबले असर नगर्ने स्थिति सुनिश्चित हुन्छ । तसर्थ, वैदेशिक धनको प्रवेश बढाउन र उपयोगका लागि देश भित्रै सहजै उपलब्ध हुने पुँजी सञ्चयको निर्माण गर्न एक उदार र क्रमिक परिवर्तन प्रक्रियाको आवश्यकता पर्दछ (स्नाइडर,२०००) । साथै, पुँजीगत खाता परिवर्त्यताले देशमा वैदेशिक लगानीकर्ताहरूलाई सहज बनाइदिन्छ र सँगसँगै घरेलु लगानीकर्ताहरूलाई पनि विदेशबाट लगानीको माध्यम बढाउनका लागि अवसरहरू प्रदान गर्दछ (स्नाइडर, २०००) । अन्त्यमा, क्षेत्रगत परिवर्तनहरु भन्दा वृहत आर्थिक सुधारले लगानी प्रर्वद्धन गर्न बढी भुमिका खेल्ने हुँदा वृहत आर्थिक सुधारलाई प्राथमिकता दिनुपर्ने अवस्था छ ।

## ३. सरकारहरूले कसरी सहयोग गर्न सक्छन् ?

उद्यमहरूले प्रभावकारी रूपमा काम गर्नका लागि, त्यसको कार्यदिशा बजारलाई निर्धारण गर्न दिनु महत्वपूर्ण हुन्छ । सरकारको तर्फबाट बजारमा हुने अत्याधिक हस्तक्षेपले लगानीलाई निरुत्साहित मात्रै गर्दैन, यसले उद्यमहरूको उचित प्रगतिलाई पनि खुम्च्याउँदछ । चाहे घरेलु उद्यमहरू हुन वा विदेशी, अनुमति प्रदान गरिएका क्षेत्रहरूमा कुनै बाधा व्यवधान विना उद्यमहरूलाई पहुँच दिइनु पर्दछ । सार्वजनिक सुरक्षाका विषयहरूको महत्वलाई विचार गर्दा केही प्रतिबन्धहरू व्यावहारिक पनि हुन सक्लान् । तसर्थ, लगानी गर्न सकिने र गर्न नमिल्ने क्षेत्रहरूका बारेमा स्पष्ट रूपमा सूचीकृत वा व्याख्या गरिएको खण्डमा यसले लगानीकर्ताहरूलाई निर्यण लिनका लागि धेरै हदसम्म सहयोग गर्न सक्छ । अति कडा अनुमति प्रक्रियाले सम्भावित लगानीकर्ताहरूलाई निरुत्साहित गर्न सक्छ । लगानीकर्ताका लागि बन्द गरिएको उद्योग स्थापनाका क्षेत्रहरू कम भई यसलाई स्पष्ट रुपमा सूचीकृत गर्दा ती क्षेत्रहरुमा आउन चाहने वैदेशिक उद्यमहरू निश्चय नै निरुत्साहित हुन्छन् । तसर्थ, त्यस्तो सूचीले सरकारलाई अनावश्यक

छनौट प्रक्रियाबाट छुटकारा पाउन सक्षम बनाउँछ र कुनै परियोजनाले स्वीकृति पाउनका लागि लाग्ने दिनहरूको संख्या घटाउन मद्दत गर्दछ ।

सोटो र घोसेनको आइएफसीको प्रकाशन “स्टारटिङ ए फरेन इन्भेस्टमेन्ट अक्रस सेक्टर्स्”मा व्याख्या गरेअनुसार कुनै पनि मुलुकको वृद्धि दर र वृद्धि हुने सम्भावना वैदेशिक लगानीको परिमाणलाई निर्धारण गर्ने महत्वपूर्ण पक्षहरू भए पनि उद्यमीहरूले देश बाहिर लगानी गर्ने निर्यणमा, लगानी गर्न खोजेको देशको संस्थागत प्रबन्धहरूको ठूलो भूमिका रहन्छ । उनीहरूको तर्कअनुसार वैदेशिक लगानीमा न्यूनतम सीमा र लगानीको सीमितता भन्दा दर्ता तथा लाइसेन्सको प्रक्रियालाई झन्झटिलो बनाउने नीतिहरूको नकारात्मक असर बढी हुन्छ (घोसेन लगायत, २०१३) । उनीहरूको २०१३को नोभेम्बरमा प्रकाशित प्रतिवेदनमा उल्लेख भएअनुसार औसतमा घरेलु उद्यमहरूको तुलनामा वैदेशिक लगानीलाई आधिकारीक रूपमा मान्यता पाउन ५५ दिन बढी लाग्दछ । सबै प्रकारका लगानीलाई समान व्यवहार गरिनु पर्दछ किनकी ती पुँजी र प्राविधिक ज्ञानका अमूल्य स्रोतहरू हुन् (घोसेन लगायत, २०१३) ।

अनुसन्धानले देखाएअनुसार कडा नियमक शासनले भ्रष्टाचारलाई बढावा दिन्छ किनकी झन्झटिलो प्रक्रियाको कारण नयाँ लगानीकर्ताहरूलाई नयाँ उद्यमहरू स्थापना र नयाँ सम्पत्तिको सिर्जना गर्नु भन्दा अलि बढी प्रयास गरेर विद्यमान नियामक निकायहरूलाई हातमा लिई पहिले नै भएका सम्पत्तिलाई नियन्त्रण गर्दै बजारको शक्ति बढी प्रयोग गर्न प्रोत्साहन मिल्छ (घोसेन लगायत, २०१३) ।

## ४. वैदेशिक लगानीलाई आवश्यक पर्ने कुराहरु...

### क) मानव संसाधन

मानव संसाधन भौतिक स्रोत जत्तिकै महत्वपूर्ण हुने भएकाले नयाँ स्थापना हुने उद्योगहरू बौद्धिक श्रमशक्तिको उपलब्धतामा केन्द्रित हुन सक्छन् । धेरै अल्प-विकसित तथा कम विकसित देशहरूमा, मानव संसाधनको अभाव हुन सक्छ । भौतिक पुँजी कुनै भौगोलिक श्रेत्रमा उपलब्ध नँहुदा अन्तबाट त्यसलाई आयात

गरी अभाव परिपुर्ति गर्ने सकेजस्तो मानव पुँजीमा भने यो लागु हुदैन किनकि कुनै पनि श्रेत्रमा मानव पुँजी संकलन लामो समयावधिसम्म चलिरहन्छ (ग्लोम लगायत, १९९२) । शिक्षा, स्वास्थ्य र पोषणका सुविधाहरूमा सहज पहुँच सँगसँगै राम्रो सामाजिक संरचनाले मानव विकास सूचाङ्क बढाउन योगदान पुऱ्याउँदछ जसले उच्च स्तरको मानव विकासलाई दर्शाउँदछ । शिक्षा र सुधारिएको स्वास्थ्य सेवा जस्ता पक्षहरूको असर, यद्यपि, तत्कालै देखिँदैन (स्ल्टज्, १९६१) । अशिक्षित बाबुआमा भन्दा शिक्षित बाबुआमाले आफ्ना सन्तानका लागि अलिक बढी पैसा बचत गर्ने हुन सक्छ । तसर्थ, मानव पुँजीमा हुने सुधार समयसँगै हुन्छ र त्यसको असर केही निश्चित समयपछि मात्र देख्न सकिन्छ ।

लगानी गर्न इच्छुक विदेशी उद्यमहरूका लागि मानव पुँजीको उपलब्धता एक महत्वपूर्ण विषय हो । यद्यपि, मानव पुँजी अभाव हुने देशमा अन्य देशका कामदारहरूलाई रोजगारी गर्ने अनुमति प्रदान गरिएमा यस समस्यालाई सहजै निवारण गर्न सकिन्छ । तर धेरै देशका श्रम कानुनहरूले विदेशी नागरिकहरुलाई रोजगारी दिनबाट रोक्ने वा केही हिसाबमा सीमित गर्ने गरेका हुन्छन् ।

कुनै पनि अर्थतन्त्रमा वैदेशिक रोजगारलाई प्रतिबन्ध लगाउनु भनेको त्यस अर्थतन्त्रमा अप्रत्यक्ष रूपमा विदेशी नागरिकको सहभागीतालाई प्रतिबन्ध लगाउनु हो । यस बाहेका अन्य बढी प्रत्यक्ष उपायहरू पनि छन् जसलाई अबलम्बन गरी देशहरुले वैदेशिक लगानीलाई सीमित गर्न खोज्छन् । केही देशहरूले विदेशी नागरिकले आफ्नो अधिकारमा राख्न पाउने सेयरलाई सिमित राख्दछन् भने अरूले विदेशी पक्षहरूले लगानी गर्न चाहेमा लगानी गर्नुपर्ने रकमको न्यूनतम सीमा तोक्दछन् ।

कुनै पनि देशको श्रम कानुन र श्रम सम्बन्ध पनि वैदेशिक लगानीकर्ताहरूका लागि सरोकारका विषयहरु हुन सक्छन् । शिक्षा र स्वास्थ्य सुविधा जस्ता आधार भूत आवश्यकताको उपलब्धताबाट लगानी भित्रिने देशमा केही हदसम्म मानव पुँजीको विकासको अपेक्षा गर्नु सामान्य हो तर विदेशी लगानीकर्ताहरूका लागि जनमानसको सोच पनि एक महत्वपूर्ण पक्ष हो । ठूलो स्तरको उद्योगहरूका लागि

कर्मचारीहरूको चुलिदाँ आवश्यकताकाबीच यूनियनहरूको निर्माण हुनु सामान्य हो। यूनियनहरूले कामदारहरूको आवाजलाई बल दिन्छ र उद्यमहरूलाई उनीहरूको आवश्यकता पहिचान गर्न मद्दत गर्दछ। यद्यपि, नेपालमा भएका श्रम यूनियनहरूमा हुने राजनीतिकरणले नेपालको श्रम बजारको छविलाई कुनै पनि अवस्थामा सहयोग गरेको छैन। समृद्धिद्वारा प्रकाशित "इन्डस्ट्रीयल रिलेसन्स्- एन इन्डस्ट्रीयल एनालाइसिस्"ले देखाए अनुसार राजनीतिक अशान्तिका बेलामा यूनियनहरूबाट हुने हड्तालहरू नेपालमा व्याप्त छन् (नेपाल लगायत, २०१३)। यस्ता तथ्यांकहरूले नेपालमा यूनियनहरूले आफ्ना सदस्यहरूको हित भन्दा पनि राजनीतिक एजेन्डाहरूलाई प्रचार गर्दछन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

### ख) पैसाको स्वतन्त्र प्रयोग

लगानीकर्ताहरूका लागि कमाइको फिर्ती –उत्पत्तिको मुलुकमा आफ्नो लगानीको फिर्ती– एक महत्वपूर्ण विषय हो। बहुराष्ट्रिय संस्थानहरूका शाखाहरू वा अन्य विदेशी उद्यमहरू अन्य क्षेत्रबाट आयात गरिएको पैसाबाट स्थापित भएका हुन्छन्। तसर्थ, केही खर्च पश्चात लगानीकर्ताहरूले आफ्नो कमाइको केही अंश फिर्ता लिन खोज्नु प्राकृतिक हो। त्यसैगरी, अर्को देशमा काम गर्ने विदेशी नागरिकहरूले आफ्नो कमाइको केही अंश बचत गरी आफूसँग फिर्ता लग्न खोज्नु पनि प्राकृतिक कुरा हो। तसर्थ, कमाइको विप्रेषणमा लगाइने व्यवधानहरूले लगानीकर्ताहरूलाई निरुत्साहित पार्न सक्छ।

एकातिर, पुँजीलाई सुरक्षित राख्नु एक मुद्दा हो भने अर्को विषय औद्योगीकरणको प्रक्रिया हो; जसमा पहिलो कुरा कथित पुँजीको परिचय वा सिर्जना हो। औद्योगीकरण एक फरक प्रक्रिया हो र यो एक पटकमा एक उद्यमको रूपमा हुन्छ। उद्यमहरू एक अर्कामा निर्भर हुन्छन् किनभने कुनै एक उद्यमलाई चाहिने सम्पूर्ण आवश्यकताका वस्तुहरू त्यही उद्यमले उत्पादन गर्न सक्दैन, र एक उद्यमको सुधारका लागि अरू सुत्रपातहरूको केही सहभागिताको पनि आवश्यकता पर्दछ। तसर्थ, एउटा उद्यममा हुने सानो भन्दा सानो परिवर्तनले पनि समग्र उद्योगको उत्पादनमा व्यापक असर पार्न सक्छ। तसर्थ, प्रत्येक व्यक्तिगत प्रयासको

पनि ठूलो महत्व हुन्छ र सबै त्यस्ता प्रयासहरूलाई बजारको सामना गर्ने अवसर दिइनु पर्दछ । यद्यपि, बजार एक कठोर स्थान हो र अप्रभावी वा मूल्य नभएका उद्यमहरू आँफै हराएर जान्छन् । सरकारले यस्तो अवस्थामा बजारको निर्यणहरूलाई हस्तक्षेप गर्नु हुँदैन ।

न्यूनतम पुँजी आवश्यक पर्ने प्रकारको प्रतिबन्धहरूले लगानी भित्रिने देशहरूलाई धेरै फाइदा पुऱ्याउँछन् भन्ने कुराको प्रत्याभूति दिँदैन । त्यसैगरी, एउटा ठूलो लगानीले अन्य धेरै स-साना लगानी भन्दा पक्कै फाइदा हुन्छ भनेर तर्क गर्ने पर्याप्त आधार छैन । त्यसै गरी, न्यूनतम पुँजीको आवश्कताले ठूलो प्रतिफल खोज्ने लगानीकर्ताहरू भित्रिन्छन् वा प्रभावकारी व्यवस्थापन हुन्छ भन्ने कुराको पनि सुनिश्चितता हुँदैन । न्यूनतम लगानीको नियमनले साना र मध्यम आकारका लगानीकर्ताहरूलाई एक व्यावधान थप्ने काम मात्र गर्दछ (घोसेन लगायत, २०१३) ।

देश भित्र र बाहिरका लगानीकर्ताहरूलाई देश भन्दा बाहिरका पुँजीका स्रोतहरूमा पहुँचका लागि अनुमति दिइनु पर्दछ । चल्ती खाताको परिवर्त्यता स्थापित हुँदा, पुँजीगत सम्पत्तिहरूलाई विदेशी मुद्रामा र विदेशी मुद्रालाई नेपालको सम्पत्तिमा परिवर्तन गर्न अनुमति दिनु पनि महत्वपूर्ण हुन्छ । यसरी क्रमिक रुपमा सहज बनाइएको परिवर्तन प्रक्रियाले "निजी क्षेत्रको लागि लगानी, आर्थिक सहयोग र बचावका अवसरहरू"का लागि स्थान निर्माण गर्दछ (स्नाइडर, २०००) ।

### ग) लगानीको सुरक्षा

कुनै पनि उद्यम सुरु गर्न उद्यमीका लागि लगानीको सुरक्षा र मुनाफा आर्जन महत्वपूर्ण सरोकारका विषयहरू हुन् । एक तर्फ विस्तार, अनुसन्धान र विकास र अन्य सम्बन्धित कार्यहरू गर्नका लागि उद्यमलाई मुनाफा महत्वपूर्ण हुन्छ भने, अर्को तर्फ उद्यमहरू आफ्नो मानव र भौतिक पुँजीलाई खतरा र जोखिमबाट सुरक्षित राख्ने विषयबाट पनि पछि हट्न सक्दैनन् । साथै, कुनै पनि व्यवसाय त्यस्ता पुँजीहरूको प्रयोग नगरीकन अस्तित्वमा आउन सक्दैनन् । अर्को

शब्दमा भन्नु पर्दा, कम्पनीले प्रयोग गर्ने र सिर्जना गर्ने धनले नै त्यस कम्पनीको परिचय बनाउँदछ । तसर्थ, त्यस्ता मूल्यवान स्रोतहरूको सुरक्षा गर्ने विषयको महत्वमा दुई मत हुन सक्दैन ।

एकपल्ट स्थापित भएका व्यवसायहरूलाई उनीहरूको लगानी सुरक्षित हुन्छ भन्ने कुराको सुनिश्चितता पनि चाहिन्छ । त्यसै गरी, उद्यमहरूमा आउने सक्ने कुनै विवाद वा असमझदारी समाधान गर्ने विधि वा कारवाहीहरूको आवश्यकता पनि पर्छ । लगानीकर्ताहरूलाई लगानी गरिसकेपछि पनि उनीहरूको लगानी उनीहरूकै नियन्त्रणमा रहन्छ भन्ने कुराको प्रत्याभूति दिन सकिएमा उनीहरूले सुरक्षित महसुस गर्नेछन्, किनभने अप्रत्याशित राष्ट्रियकरण वा मूल्य नियन्त्रणले उद्यमहरूलाई उक्त देशबाट आफ्नो सम्बन्ध अन्त्य गर्न बाध्य बनाउन सक्छ ।

सहजै बुझ्ने गरी र शङ्का गर्ने ठाँउ नहुने गरी नीतिहरूलाई स्पष्ट र छोटो ढंगले संरचना र व्यवस्थित गर्नु विशेष रूपमा महत्वपूर्ण हुन्छ । एउटा ठूलो र लामो नीतिगत दस्तावेजले सबै आवश्यक विषयहरू समेटेको र नीतिगत आवश्यकता तथा मागहरूलाई राम्ररी विस्तृत गरिएको जस्तो देखिन सक्ने भए पनि एउटा छोटो र स्पष्ट दस्तावेजले सम्भावित लगानीकर्ताहरूलाई त्यस देशसँग सम्बन्धित सूचनाहरू प्रवाह गर्न सक्छ । एडमिस्टन, मड र भलेभले उनीहरूको कार्यपत्र "ट्याक्स स्ट्रकचरस एण्ड एफडिआइ द दिटर्रेन्ट इफेक्ट्स् अफ कम्प्लेक्सीटी एण्ड अनसरटेनिटी"मा उल्लेख गरेअनुसार अस्पष्ट शब्दावली वा भाषागत अनिश्चितता भएका अस्थिर रहने प्रबल सम्भावना भएका कानुनहरूले "देशमा भित्रिने वैदेशिक लगानीलाई उल्लेखनीय नकारात्मक प्रभाव पार्दछन्" (एडमिस्टन लगायत, २००३) । उनीहरूको तर्कअनुसार, सधैँ परिवर्तन भइरहने र अस्पष्ट ऐन तथा कानुनहरूले स्थापनाको समयमा धेरै कारोबार लागत सिर्जना गर्दछ किनकी उद्यमहरूले त्यस्ता दस्तावेजहरू बुझ्नुपर्ने हुन्छ । त्यसैगरी, यदि लगानीकर्ताहरूलाई उनीहरूको कमाई अथवा सम्पत्तिको सुरक्षाका बारेमा निश्चित हुने कुरामा कानूनले प्रत्याभूति तथा प्रोत्साहन नदिएको खण्डमा भयरहित वातावरणको सिर्जना हुँदैन । यस्ता अस्पष्ट प्रावधानहरूले लगानी गतिविधिहरूलाई निरुत्साहित गर्ने सँगसँगै उद्यमहरूलाई अनौपचारिक अर्थव्यवस्थाको छाँयामा धकेल्न पनि सक्छ ।

लगानीमैत्री वातारवरणको संकेत प्रस्तुत गर्ने एक उत्तम उपाय द्विपक्षीय सन्धिहरू हुन सक्छ । त्यस्ता सन्धिहरूमा "वैदेशिक लगानीको दर्ता र स्थापना, व्यवहारको मापदण्डरू, स्वामित्वग्रहण वा राष्ट्रियताको उपायहरू, आय र पुँजीको स्थानान्तरण, लगानी सम्झौता वा कराररनामाको सुरक्षा, लगानी भित्रिने देशका निकायहरूले वैदेशिक लगानीलाई प्रदान गरिने प्रत्याभूतिहरू र विवाद समाधानका संयन्त्रहरूका बारेमा प्रावधानहरू समेटिएको हुन्छ (हेण्डबुक, २०१०) ।" नेपाल, यद्यपि, द्विपक्षीय लगानी सन्धि गर्नेहरूको सूचीमा निकै पछि रहेको छ किनकी अहिलेसम्म यस्ता द्विपक्षीय सन्धिहरू जम्मा ५ वटा मात्रै भएका छन् ।

विदेशी उद्यमहरूले कुनै देशमा लगानी गर्ने निर्णय उनीहरूले आफ्नो देश छाडेर बाहिर निस्कन सक्ने क्षमतामा पनि निर्भर रहन्छ । प्रभावकारी नीतिहरूले लगानीलाई देशमा भित्रिनका लागि अनुमति प्रदान मात्रै गर्दैन, लगानीकर्ताहरूको इच्छा अनुरुप लगानीकर्ताहरूको कमाइको लाभ लिनका लागि लगानीकर्ताहरूलाई सशक्तिकरण पनि गर्दछ । बहुराष्ट्रिय संस्थानहरूले एक भौगोलिक क्षेत्रबाट प्राप्त भएको कमाइ अन्य क्षेत्रहरूमा विस्तार गर्नका लागि पनि प्रयोग गर्न सक्छन् । त्यसैगरी, असफल उद्यमले आफ्नो ठूलो नोक्सानीलाई बेहोर्नका लागि आफ्ना सम्पत्तिहरूलाई बेचेर अर्को क्षेत्रमा नयाँ उद्यम स्थापना गर्न सक्छन् । तसर्थ, उद्यमीहरू र उनीहरूको सम्पत्तिको सहज आवागमन सफल लगानी व्यवस्थाको एक अभिन्न अंग हो ।

### घ) न्याय व्यवस्था

नेपालमा मध्यस्थता केन्द्रहरू छन् र अदालतबाहिर विवाद समाधान गर्न खोजिरहेका सबै व्यवसायिक संस्थाहरुले विवादहरूको समाधान मध्यस्थता ऐन अन्तर्गत रहेर गर्नुपर्दछ । औपचारिक कानुनी व्यवस्था प्रायः झन्झटिलो हुने भएकाले, कम समय र लागतमै विवादहरू समाधान गर्न मध्यस्थता एक प्रभावकारी उपाय हो ।

विश्व बैंकको डुइङ्ग बिजनेस प्रतिवेदनका अनुसार, कुनै पनि एक सम्झौता लागू गर्नका लागि नेपालमा ९१० दिन, ३९ प्रक्रिया तथा दावी गरिएको

रकमको २६.८ प्रतिशत लागत लाग्दछ (विश्व बैंक, २०१४)। यस प्रकारको समय र रकमको आवश्यकताले कुनै पनि विवाद समाधान गर्न लाग्ने लागतलाई धेरै गुणा बढाइदिन सक्छ। नेपालमा, यस्तो लामो र झन्झटिलो प्रक्रियाहरूबाट बच्नका लागि, व्यवसायहरूले औपचारिक वा मौखिक सम्बन्धहरूलाई प्रयोग गर्छन (कृष्णन लगायत, २०१३) । यद्यपि, यस्ता विकल्पहरू विदेशी लगानीकर्ताहरूका लागि खुल्ला नहुन सक्छ । तसर्थ, यस्ता वैकल्पिक विवाद समाधानका संयन्त्रहरूलाई सिर्जना तथा सहजीकरण गर्नु महत्वपूर्ण छ ।

नेपालको विद्यमान वैदेशिक नीतिलाई सही रंग प्रदान गर्न, एक पटक कोस्टा रिका, घाना र मरिसस्का यसै विषयसँग सम्बन्धित केही प्रावधानहरू छोटकरीमा हेरौँ ।

घानामा सन् १९८३ को संचरनागत समायोजन कार्यक्रमले व्यापारलाई सहज बनाउने, लाइसेन्स (अनुमतिपत्र) राजलाई हटाउने, शुल्कजन्य व्यापार व्यवधानहरूलाई हटाउने र कालो बजारका अवसरहरूलाई कम गर्नेकाम गऱ्यो (इनु, हाभी र अत्ताह-ओबेङ्ग, २०००) । उदारीकरणको अवधिले भूमिगत अर्थव्यवस्थालाई रोक्न सफल रह्यो र समग्र रुपमा अर्थतन्त्रको पारदर्शिता बढ्यो। सन् १९८३ को कार्यक्रमले व्यक्तिगत सम्पत्ति, विशेष गरी बौद्धिक सम्पत्ति, राम्ररी सुरक्षित हुने कुरा सुनिश्चित गर्न सहयोग पुऱ्यायो जसले घरेलु तथा विदेशी लगानीकर्ताहरूमाझ घानालाई आकर्षक गन्तव्यका रुपमा अघि ल्यायो (इनु लगायत, २०००)। सन् १९८५मा त्यहाँ लगानी ऐन बनाइयो जसले “घाना लगानी केन्द्रको” स्थापनाको बाटो खोल्या । जुन केन्द्र लगानीको प्रवर्द्धन तथा नियमन र वैदेशिक र घरेलु उद्यमहरूबीच हुने सबै प्रकारका भेदभावको अन्त्यका लागि जिम्मेवार थियो ।

घानाको लगानी ऐनले बढी भन्दा बढी वैदेशिक लगानीलाई घानाको बजार तर्फ आकर्षित गर्नमा महत्वपूर्ण भूमिका खेले पनि धेरै क्षेत्रहरूमा बजार प्रवेशमा उल्लेख्य व्यावधानहरू थिए । यी क्षेत्रहरू विषेशत : सरकारबाट सञ्चालित उद्यमहरूले एकाधिकार जमाइरहेका क्षेत्रहरु थिए । तसर्थ, (अत्याधिक कर्मचारीतन्त्रको संरक्षणमा देखिएको लापरवाहीपन, उद्यमी जोश र क्षमताको

कमी, चुस्त व्यवस्थापनका लागि कमजोर प्रोत्साहन र न्यून चालू पुँजी र लगानी जस्ता समस्याहरु विद्यमान रहेको मध्यनजर गरी) सन् १९८८ मा सरकारद्वारा सञ्चालन गरिएका अप्रभावी उद्यमहरूको तीव्र निजीकरण भयो । यस कदमले प्रभावकारिता, उत्पादन, रोजगारी र आयमा वृद्धि भयो (क्याकू, असान्ते र ग्यासी, २०००) ।

सन् १९९४ मा जब "घाना लगानी प्रवर्द्धन केन्द्रका" स्थापना भयो, वैदेशिक लगानीको नियमन र प्रवर्द्धनमा संलग्न निकायहरूको पनि पुनरावलोकन भयो । यो नयाँ निकाय पूर्ण रूपमा वैदेशिक लगानीको प्रवर्द्धनका लागि जिम्मेवार थियो र नयाँ उदार व्यवस्थाको नेतृत्व पनि यसले गर्‍यो । त्यही वर्ष, वित्तिय क्षेत्र समायोजन कार्यक्रमको पनि स्थापना भयो जसले व्याजदरहरूलाई स्थिर गर्न र मुद्रास्फीतिलाई नियन्त्रण गर्न मद्दत गर्‍यो । यसले गर्दा लगानीका लागि अझ स्थिर वातावरण तयार भयो (क्याकू लगायत २०००) । वित्तिय रूपमा सुरक्षित बजारका साथै घानाको श्रम बजार पनि विदेशी उद्यमीहरूका लागि एक आकर्षक पक्ष बन्यो । यूनियनका उच्चस्तरीय तथा साधारण सदस्यहरूले निरन्तर रूपमा शैक्षिक कार्यक्रमहरूमा संलग्न भएर कामदारहरूबीच उत्तरदायित्व बढाउन र जिम्मेवारीपनको वातावरण संरचना गर्न सहयोग पुर्‍यायो (क्याकू लगायत, २०००) ।

कोस्टा रिकामा उच्च सीपयुक्त तथा शिक्षित श्रम बजारले उच्च गुणस्तरको उत्पादनमुलक वैदेशिक लगानी आकर्षित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । अहिले, यो देश केही विशेष वस्तुहरू मात्र उत्पादन गर्ने हैसियतबाट माथि उठेर ३००० भन्दा बढी वस्तु तथा सेवाहरू निर्यात गर्ने अवस्थामा पुगेको छ । यसका साथै, निर्यात भएका वस्तुहरू विकसित मुलुकहरूबाट उत्पादन हुने वस्तुहरूसँग तुलना गर्न मिल्ने किसिमका छन् । धेरै वर्षसम्म शिक्षा तथा स्वास्थ्यसम्बन्धी क्षेत्रहरूमा भएको ठूलो लगानीले कोस्टा रिकाको श्रमशक्तिलाई समृद्ध बनाउन भूमिका खेल्यो भने शिक्षा प्रणाली शैक्षिक र व्यवसायिक तालिम तर्फ उन्मुख हुनाले शैक्षिक व्यवस्था विशेष गरी विद्यार्थीहरूलाई कामका लागि तयार बनाउन केन्द्रित रहेको छ । श्रमशक्तिले प्रदर्शन गरेको सीप र विशेषज्ञताले देशलाई न्यून ज्याला/न्यून सीप र उच्च ज्याला/उच्च सीप आवश्यक पर्ने उद्योगहरूका लागि आकर्षक क्षेत्रको रूपमा स्थापित गरिदियो ।

कोस्टा रिकामा वैदेशिक लगानीसँग सम्बन्धित कर्मचारीतन्त्र एकदमै व्यवस्थित छ किनकी वैदेशिक व्यापार मन्त्रालय (मिनिसतेरियो डी कमरसियो एक्सटेरियर, कोमेक्स)ले अन्य मन्त्रालयहरू भन्दा भिन्न सुअवसरहरू पाएको छ। यो मन्त्रालय सानो छ, कर्मचारीलाई राम्रो तलब भत्ता प्रदान गर्छ, राम्रा जनशक्तिलाई भर्ती गर्छ र कर्मचारीहरूलाई आफ्नो इच्छानुरुप भर्ती र निष्कासन गर्दछ । यो मन्त्रालय निर्यातसँग सम्बन्धित गतिविधिहरूका लागि प्रतिस्पर्धात्मक व्यापारको वातावरण सिर्जना गर्न जिम्मेवार रहेको छ (ट्रेजोस्, २०१४) । यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत रहेको व्यापार र प्रवर्द्धन निकाय (प्रोकोमर) निर्यातबाट हुने फाइदाको बारे घरेलु उद्यमहरूमाझ जानकारी दिई प्रवर्द्धन गर्न, बजार सूचनाको प्रसारण गर्न सहयोग गरी जानकारीको विषमतालाई कम गर्न, निर्यात गर्ने साना कम्पनीहरूलाई परामर्श सेवा प्रदान गर्न र कोस्टा रिकामा उत्पादन भएका वस्तुहरूलाई खरिदकर्ताहरूसम्म पुऱ्याउनका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरूको आयोजना गर्न सेवारत रहेको छ (ट्रेजोस्, २०१४) । यसका साथै, प्रवर्द्धनात्मक गतिविधिहरू सानो रुपमा एक-एक गरेर वा उद्योगको प्रकारका आधारमा आयोजना गरिन्छ जसले विश्वसनीयता वृद्धि गर्न र सँगसँगै विज्ञापनको खर्च घटाउन मद्दत गरेको छ । सबैभन्दा भिन्न पक्ष भनेको कोस्टा रिकन लगानी प्रवर्द्धन निकाय (सिन्डे) हो जुन यूएसएडको सहयोगमा स्थापना भएको थियो (ट्रेजोस्, २०१४; कोरडेरो लगायत, २००८) । यो गैर-सरकारी निकायको मुख्य काम साना कृषिजन्य निर्यातकर्ताहरूलाई प्रशिक्षण दिनु र प्रोत्साहन गर्नु रहेको छ। यसले मुलुक भित्र "ग्रिनफिल्ड"मा हुने लगानीको प्रवर्द्धनात्मक गतिविधिहरूको नेतृत्व पनि गर्दछ र देश र लगानीकर्ताहरू बीचको सेतुको रूपमा पनि काम गर्दछ। सिन्डेलाई विश्वभरीको सबैभन्दा सफल लगानी प्रवर्द्धन गर्ने निकायहरूमध्ये एक निकायको रूपमा प्रशंसा गरिएको छ (ट्रेजोस्, २०१४) ।

यी लगानी सम्बद्ध निकायहरूको सफलताको श्रेय यी विभागहरूको स्वायत्ततालाई पनि जान्छ जसले जिम्मेवारीको उचित बाँडफाँडले उत्तरदायित्व बढाउनका लागि सहयोग गरेको थियो (ट्रेजोस्, २०१४) । कोस्टा रिकाको कानुनले पनि कर्मचारीहरूको कल्याणका लागि अनिवार्य बीमा र विविधिकरण गरिएको तलबभत्ताको व्यवस्थापन पनि गरेको छ । त्यसैगरी, कोस्टा रिकाको श्रमशक्तिको श्रम यूनियनमा सहभागीता सीमित रहेको छ र यूनियनहरू उद्यमका

आधारमा स्थापित हुन्छन् नकि विश्वको अन्य भूभाग जस्तो पूरै उद्योगको आधारमा । सानो आकारको यूनियनहरूले रोजगारदाता र कामदारबीचको सम्पर्क क्षमता पनि बढाएको छ (ट्रेजोस्, २०१४) ।

मरिसस्मा पनि केही असल अभ्यासहरू छन् जुन नेपालका लागि पनि अनुसरणीय छ । व्यक्तिगत तथा संस्थागत कमाइमा एकमुष्ट १५ प्रतिशतको दरले कर लाग्ने देखि तीन कार्यदिन भित्र नयाँ व्यवसाय स्थापना गर्ने जस्ता व्यवस्थाले मरिसस् अफ्रिका महादेशमा वैदेशिक लगानीकर्ताहरूका लागि एक सबैभन्दा पहुँचयुक्त गन्तव्य बनेको छ (जफर, २०११) । कुनै बेला एउटा वस्तु मात्रै निर्यात गर्ने देशका रूपमा चिनिने मरिससले अहिले आएर निर्माणमूखी क्षेत्रहरु, अफशोर बैंकिङ र अन्य सेवाहरूमा लगानी ल्याएर आफ्नो अर्थतन्त्रको पुर्नसंरचना गर्न सफल भएको छ । यी सबै परिवर्तनहरूको लागि मरिसस् सरकारकले वैदेशिक लगानीमा नियमनकर्ता भन्दा पनि एक सहजकर्ताको भूमिका खेलेको थियो । बजारमा हस्तक्षेप गर्नु भन्दा मरिसस्को सरकारले बजारका संयन्त्रहरूलाई अघि सारेर हस्तक्षेपकारी भुमिकाबाट निकै पर सरेको छ, जस्तैः सर कारले ऋणको दरमा सीमा तोक्नु भन्दा सरकारी ऋणपत्रहरूको साप्ताहिक लीलामी गर्ने संयन्त्र अबलम्बन गर्नु । त्यसै गरी, कानुनले सबै लगानीलाई राष्ट्रियकरण हुनबाट रोक्छ (जफर, २०११) । व्यापारको वातावरणलाई चालु खाता र पुँजीगत खाताको पूर्ण परिवर्त्यताले र बचतबाट आउने सकारात्मक लाभदर प्रदान गर्ने प्रकारको ब्याजदरले थप राम्रो बनाएको छ । त्यसैगरी, विश्वविद्यालय तहसम्मको निःशुल्क शिक्षा र सुधारिएको पूर्वाधारले देश भित्र लगानीलाई प्रोत्साहन गर्न ठूलो भूमिका खेलेको छ । प्रतिस्पर्धा ऐन २००७ ले पनि उद्यमहरूको प्रवेश र प्रस्थानका लागि एक प्रतिस्पर्धात्मक वातावरणको निर्माण गरेको छ (जफर, २०११) ।

मरिसस् सरकारले निजी क्षेत्रको प्रतिनिधिहरू मिलेर बनेको संयुक्त आर्थिक परिषद्सँग सार्वजनिक तथा निजी उद्यमहरूबीच सूचना आदन प्रदान गर्न नियमित बैठक राख्ने गरेको छ । घरेलु र निजी लगानीकर्ताहरूबीच कुदै भिन्नता छैन र सबै व्यवसायहरूलाई स्थापनाको प्रमाणपत्र प्राप्त गर्नका लागि कम्पनी रेजिस्टारको कार्यालयमा दर्ता हुनु पर्दछ । यो प्रमाणपत्र प्राप्त गरेपछि, लगानी बोर्डमा दर्ता गरेर स्थापनाको प्रक्रियाहरू पूरा गर्न सकिन्छ (जफर, २०११) ।

# अध्याय ३ - वैदेशिक लगानी नीति

## १. वैदेशिक लगानीको अनुमतिका लागि संस्थागत व्यवस्था

विदेशी लगानी र एकद्वार नीति २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ले उद्योग विभाग र औद्योगिक प्रवर्द्धन बोर्डलाई वैदेशिक लगानीको सम्बन्धमा अनुमति तथा अन्य कार्य सञ्चालन गर्ने मुख्य निकायका रूपमा अघि सारेको थियो । विभागले रु. ५००,००० अचल सम्पत्ति भएका लगानीलाई हेर्दछ भने बोर्डले त्यस रकम भन्दा माथिका लगानीलाई हेर्दछ (विदेशी लगानी र एकद्वार नीति २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९) । विदेशी लगानी र एकद्वार नीति २०४९ ले उद्योग विभागलाई एकद्वार सेवा प्रदायक निकायका रूपमा स्थापना गरेको छ र औद्योगिक प्रवर्द्धन बोर्डलाई नियामक निकायका रूपमा स्थापित गरेको छ । नयाँ मस्यौदाले, यद्यपि, अझ धेरै संस्थाहरूलाई यस प्रक्रियामा संलग्न हुने गरी प्रस्ताव गरेको छ । विभाग र पुर्नसंरचना गरिएको बोर्ड भन्दा बाहेक २० सदस्य रहेको उद्योग र लगानी प्रवर्द्धन बोर्ड, उद्योग मन्त्रालय, गृह मन्त्रालय, श्रम मन्त्रालय, श्रम कार्यालय र अध्यागमन विभाग, नेपाल राष्ट्र बैंक र नेपाल लगानी बोर्डलाई विभिन्न चरणहरूमा संलग्न गराइएको छ । उद्योग विभागलाई धेरै जिम्मेवारीहरू दिइएको जस्तो देखिन्छ : दर्ता, विदेशी लगानीको प्रशासन, र प्रविधि हस्तान्तरण अभ्यासहरूको मूल्याङ्कन, विदेशी लगानीकर्ता तथा विदेशी कर्मचारीहरूको लागि प्रवेशाज्ञा सहजीकरण, मुद्रा र पैसा फिर्ता लाने सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग सम्पर्कको समन्वय, प्रस्तावित योजनाहरूको वातारवरणीय असरको मूल्याङ्कन, परियोजनाहरूको मूल्याङ्कन गरी विभागबाट स्वीकृत भएका परियोजनाहरूलाई सम्पर्क, आदि । यद्यपि, वि.सं २०४९ को एकद्वार नीतिमा उल्लेख गरिए जस्तो उद्योग विभाग एकद्वार प्रणालीका लागि जिम्मेवार हुन्छ कि हुँदैन भनेर स्पष्ट गरिएको छैन ।

एकद्वार प्रणाली यदि राम्ररी कार्यान्वयन गरिएन भने सजिलै अर्को थप द्वारको रूपमा परिणत हुन सक्छ, जसले सजिलो बनाउनुको सट्टा कर्मचारीतन्त्रको प्रक्रियागत जटिलता थप्छ। यो नयाँ मस्यौदाले एकद्वार प्रणालीलाई, नेपालमा स्थापना भइसकेका वा स्थापनाका लागि स्वीकृत भइसकेका उद्यमहरूका लागि सेवा केन्द्रका रूपमा परिकल्पना गरेको छ । नयाँ मस्यौदामा उल्लेख गरे बमोजिम यसको प्राथमिक जिम्मेवारीका रुपमा विद्यमान उद्योगहरूलाई प्रोत्साहनका लागि दिइने भनिएको छुट तथा सुविधा प्रदान गर्न र पूर्वाधारसँग सम्बन्धित विषयहरूमा सेवा र सहयोग प्रदान गर्नुलाई लिइएको छ । यस्ता प्रावधानहरूलाई मध्यनजर गर्दा नयाँ एकद्वार प्रणाली सेवा केन्द्र वास्तवमै थप अर्को द्वारका रूपमा विकसित हुन्छ जस्तो देखिन्छ । स्थापित भइसकेका व्यसायहरूलाई सेवा प्रदान गर्नु भन्दा यस्ता निकायहरूलाई नेपाली बजारमा प्रवेश गर्न खोजिरहेका संस्थाहरुको लागि वैदेशिक लगानी सहजीकरण गर्न जिम्मेवारी दिइएको खण्डमा अझ प्रभावकारी हुन्छ । विदेशी लगानीकर्ताहरूलाई वास्तवमै सहयोग गर्न र सम्भावित लगानीकर्ताहरूका लागि सहज व्यवसायिक वातावरणको सुनिश्चितता प्रदान गर्न, प्रवेश तथा बर्हिगमनको सहजतालाई प्राथमिकतामा राखिनु पर्दछ, जुन हाल प्रस्ताव गरिएको मस्यौदामा बेवास्ता गरिएको जस्तो देखिन्छ । उदाहरणका लागि, विदेशी लगानीकर्ताहरूलाई नेपालमा व्यवासाय सञ्चालन गर्नका लागि प्रवेशाज्ञा लिनुपर्ने आवश्यकता हुन्छ र यसको आवेदन धेरै निकायहरूबाट स्वीकृत भएर जानु पर्छ । उदाहरणका लागि : उद्योग विभाग, उद्योग मन्त्रालय, गृह मन्त्रालय, श्रम विभाग, श्रम कार्यालय र अध्यागमन विभाग । यसका साथै, यो आवेदन स्वकिृत भएर आउने प्रक्रियाका लागि १५ हप्ता वा अझ बढी समय लाग्न सक्छ। यस्तो प्रक्रियागत ढिलाइले सम्भावित लगानीकर्ताहरूलाई निरुत्साहित गर्ने सम्भावना मात्र नभएर देशमा पहिले नै स्थापित भइसकेका संस्थाहरूलाई पनि अनावश्यक बाधाहरू थपिदिन्छ।

विद्यमान कानुनको तुलनामा प्रक्रियाहरू अझ जटिल बनाइएको छ । “ठूला” लगानी, लगानी बोर्डको क्षेत्राधिकार भित्र पर्दछन् र यस बोर्डको क्षेत्राधिकार भित्र नपर्ने लगानी कि उद्योग विभाग कि त उद्योग र लगानी प्रवर्द्धन बोर्डबाट स्वीकृत हुनेछन् । यद्यपि यी दुवैको एकैसाथ संलग्नता हुने वा नहुने

कुरा स्पष्ट पारिएको छैन । त्यसैगरी, उद्योग विभाग र उद्योग र लगानी प्रवर्द्धन बोर्डबाट अनुमोदित भएका सहित अन्य सबै वैदेशिक लगानीका लागि उद्योग मन्त्रलाय प्रशासकीय निकाय हो किनभने यसले यी दुवै निकायहरूबाट अनुमो दित भएका लगानीलाई अनुगमन तथा मूल्याङ्कन गर्दछ । वि. सं २०४९ को एकद्वार नीतिले नै उद्योग विभागलाई एकद्वार बनाउनका लाीग प्रावधानहरू ल्याएको परिप्रेक्ष्यमा विभिन्न निकायहरूलाई उस्तै कार्यहरू जिम्मेवारी दिएर नयाँ कर्मचारीतन्त्रका सञ्जालहरू थप्नाले जटिलताहरू बढ्न जान्छन् । यसका साथै, नेपाल सरकारका विभिन्न निकायहरूबीचको समन्वय एकदमै कमजोर भएको कुरा समय-समयमा बाहिर आएको छ । मस्यौदामा एउटै प्रकारका काम गर्नका लागि धेरै निकायहरू खडा गरेर एकद्वार प्रणालीको औचित्यलाई अवमूल्यन गरिएको छ ।

## २. लगानीको सीमा

नयाँ मस्यौदाले कुनै पनि उद्योगमा लगानी गरिनु पर्ने (न्यूनतम) रकमको सीमा तोकेको छैन । यस भन्दा अघिको नीतिले पनि विदेशी लगानीकर्ताहरूका लागि कुनै पनि किसिमको वित्तिय प्रतिबन्धहरू लागु गरेको थिएन । यदि यस्ता प्रतिबन्धहरू लागु गरिएमा लगानीको वातावरण सुधार्ने क्रममा एक गम्भीर समस्या हुनेछ किनभने नयाँ लगानीकर्ताहरू तुलनात्मक रूपमा नयाँ बजारमा धेरै लगानी गर्नका लागि इच्छुक नहुन सक्छन् ।

## ३. प्रवेशाज्ञा र प्रवेश अनुमति

विदेशी लगानी नीति २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र विदेशी लगानी र एकद्वार नीति २०४९मा लगानीको प्रकृतिको आधारमा ६ महिना देखि लगानीको सक्रिय समयसम्मका लागि व्यापार प्रवेशाज्ञा, बसोबासका लागि प्रवेशाज्ञा र गैर-पर्यटकीय प्रवेशाज्ञाका विषयमा प्रावधानहरू थिए । वैदेशिक लगानी नीति २०१४को मस्यौदाले नविकरण गर्नु पर्ने गरी ५ वर्षसम्मका लागि व्यापार प्रवेशाज्ञा र १० लाख अमेरिकी डलरभन्दा माथि लगानी गर्ने लगानीकर्ताहरूका लागि लगानी सक्रिय रहुन्जेलसम्मका लागि बसोबासको प्रवेशाज्ञा र सम्भाव्यता अध्ययन गर्नका लागि आवश्यकता अनुरुप गैर-पर्यटकीय

प्रवेशाज्ञाका लागि प्रावाधानहरू बनाएको छ । विदेशी लगानीकर्ता, कर्मचारीहरू तथा परिवारका सदस्यहरूका बारेमा अध्यागमन विभाग र श्रम मन्त्रालयले सुझाव दिनुपर्ने गरी उद्योग विभागलाई अन्तर विभागीय सञ्चारका लागि जिम्मेवार बनाइएको छ ।

यस मस्यौदाले विदेशीहरूलाई रोजगारी दिनु पर्ने आवश्यकतालाई बुझे पनि विदेशी कर्मचारी देशमा आवश्यक परेको खण्डमा उक्त सीप भएको जनशक्ति नेपालमा उपलब्ध नभएमा मात्र राख्न पाइनेछ भनी रोजगारीको समयावधि ५ वर्षसम्म मात्र राखेको छ । ५ वर्षको समय यस्तो हस्तान्तरणहरूका लागि पर्याप्त नहुन सक्ने हुँदा यस सीमितताले प्रविधि वा सीप हस्तान्तरणको औचित्यलाई सम्मान नगर्न सक्छ ।

## ४. सुविधा, छुट र अन्य प्रोत्साहन

प्रस्तावित मस्यौदामा विदेशी लगानीकर्ताहरूलाई प्रोत्साहन गर्न धेरै आर्थिक र गैर-आर्थिक सुविधा तथा छुटहरू प्रदान गर्ने प्रावधानहरू राखिएको छ जुन घरेलु लगानीकर्ताहरूलाई दिइने सुविधा भन्दा बढी नभए पनि बराबर छ। आयकर छुट, कच्चा पदार्थमा लाग्ने कर तथा भन्सारको प्रतिपूर्ति र यस्तै आर्थिक र गैर-आर्थिक प्रोत्साहनहरू २०४९को वैदेशिक लगानी नीति र, अहिले निष्क्रिय रहेको, विदेशी लगानी र एकद्वार नीति २०४९मा समेटिएको थियो भने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९मा यस्ता कुनै प्रावधानहरू थिएनन् । त्यसैगरी, नेपाल नयाँ विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन क्षेत्र थप्ने प्रक्रियामा रहेको छ र प्रस्तावित ऐनले त्यस्ता व्यावसायिक जिल्लाहरूमा उद्योगहरूको स्थापनालाई प्रवर्द्धन गर्ने बाचा गरेको छ । यस मस्यौदाले उक्त क्षेत्रहरूमा लगानी गर्ने लगानीकर्ताहरूलाई उद्योग विभागमा मात्र दर्ता हुँदा हुने नियम राखेर प्रक्रियागत आवश्यकताहरूलाई सीमित बनाइ उक्त क्षेत्रहरूमा लगानी प्रोत्साहन गर्ने प्रावधान राखेको छ ।

यस नीतिले दुवै, आर्थिक र गैर-आर्थिक, प्रोत्साहनहरूको व्यवस्था गरेको छ । जस्तै : आयकर छुट र आयात गर्दा लाग्ने शुल्कमा राहत र लगानीकर्ता तथा

उनीहरूका परिवारहरूका लागि स्थाथी बसोबासका लागि प्रवेशाज्ञा । प्रविधिको हस्तान्तरण तथा प्रयोगलाई प्रवर्द्धन गर्ने र नेपालको श्रम प्रयोग गरेर देशलाई वस्तु र सेवाको प्रसिद्ध निर्यातकर्ता बनाउने ऐनका लक्ष्यहरूलाई आत्मसाथ गर्दै यस प्रस्तावित मस्यौदामा देशलाई फाइदा पुऱ्याउने किसिमका अनुसन्धान र विकासमुलक गतिविधिहरूमा केही हदसम्म कर छुट, ऊर्जा र पूर्वाधार विकाससँग तालमेल राख्ने परियोजनाहरूलाई अनुदान, मुनाफाबाट पुनः लगानी गरिने व्यापार विस्तारमा केही हदसम्म कर छुट, निर्यातसम्बद्ध गतिविधिहरूबाट अतिरिक्त मूल्य बढ्ने स्थानीय उत्पादनहरूको प्रयोगमा अनुदान दिने आदि प्रावधानहरू यस मस्यौदामा रहेका छन् । त्यसै गरी, मस्यौदा नीतिले लगानीकर्ताहरूलाई भारी करको बोझबाट जोगाउने प्रतिबद्धता व्यक्त गरेअनुसार लगानीकर्ताहरूको गृह मुलुकसँग सम्बन्ध स्थापित गरेर दोहोरो कर हटाउने सन्धिहरू प्रवर्द्धन गरिनेछ भनिएको छ । यस मस्यौदाले मुद्रासम्बद्ध जोखिम निवारण गर्नका लागि "फरवर्ड करार"लाई पनि पहिचान गरेको छ ।

यद्यपि, यस्ता प्रोत्साहनहरू लगानी नीतिमा उल्लेख गरिएकाले यी कुराहरु सरकारको करसम्बन्धी ऐनसँग बाझिन सक्छ, जसले लगानीकर्ताहरूलाई अल्मल्याउने मात्रै नभएर नियमन गर्न पनि गाह्रो हुने स्थिति पैदा गर्छ । यसले कर प्रशासक तथा सम्बद्ध अधिकारीहरूलाई ज्यादा शक्ति प्रदान गर्छ । यस्ता अस्पष्ट प्रावधानहरूको एक परिणाम भनेको अवसरवादी समूह र त्यस्तै अन्य समूहहरूले यी कमजोरीहरूको फाइदा उठाउन सक्छन् । यसका साथै, प्रोत्साहनहरू घरेलु र विदेशी संस्थाबीचको भेदभावमुक्त हुनु पर्दछ र सामान्य अवस्थामा उद्योगको स्थापनालाई प्रोत्साहन गर्नु पर्ने खालको हुनुपर्छ ।

यस नयाँ नीतिको मस्यौदामा केही अस्पष्टताहरू पनि रहेका छन् जसलाई स्पष्ट बनाइनु पर्दछ ताकि लगानीकर्ताहरूले प्रोत्साहनका बारेमा स्पष्टसँग बुझ्न सकुन् र कुनै शोषण मात्रै गर्ने हिसाबले आउने सम्भावित लगानीका गतिविधिहरूको प्रतिरोध गर्न सकियोस् । केही अस्पष्ट प्रावधानहरूको उदाहरण दिनुपर्दा, नेपाल सरकारले विदेशी लगानीकर्ताहरूलाई सुविधा दिने तथा प्रोत्साहन गर्ने भन्ने प्रावधानमा कर छुटका बारेमा स्पष्ट गरिएको छैन; जलविद्युत र

भौतिक पूर्वाधारमा सीओडी अर्न्तगत हुने वैदेशिक लगानीमा दिइने आयकरको पूर्ण छुटको प्रावधानमा त्यस्तो छूटको समयावधि उल्लेख भएको छैन; जलविद्युत र भौतिक पूर्वाधारको निर्माण सामग्रीमा दिइने नगद अनुदानको रकम र समयावधिका बारेमा उल्लेख गरिएको छैन; र नाफाबाट गरिने लगानीमा दिइने संस्थागत कर छुटको समयावधिका बारेमा उल्लेख गरिएको छैन ।

विदेशी लगानीकर्ताहरूलाई प्रदान गरिने प्रोत्साहनमुखी सुविधाहरुले कागजमा सीमित लगानीकर्ताहरूलाई धेरै आकर्षित गर्न सक्छ जो देशमा उचित लगानी ल्याउनेमा भन्दा पनि उपलब्ध छुट, सुविधा र सेवाहरूमा केन्द्रित हुन सक्छन् । यस्ता कमजोरीहरूले भ्रष्टाचारका लागि बाटो खोल्न सक्छ जसले व्यवसाय गर्ने लागतलाई अझ बढाइदिन सक्छ ।

समग्रमा भन्नुपर्दा, प्रस्तावित प्रावधानहरूले अनियमितताका लागि स्थान बनाइ दिएका छन् ।

## ५. विदेशी कामदार

वैदेशिक लगानीसम्बन्धी वि.सं २०४९मा आएका नीतिहरूले विदेशी कामदारहरूका बारेमा कुनै पनि प्रावधानहरू रोखेका थिएनन् भने अहिलेको मस्यौदाले देशमा आवश्यक परेको सीपयुक्त जनशक्ति नभएको खण्डमा मात्र विदेशी कामदारहरू राख्न पाइने उल्लेख गरेको छ ।

मस्यौदाले राखेको शर्तअनुसार नेपाली नागरिक कुनै काम गर्न सक्षम भएमा विदेशी कामदार भन्दा नेपाली कामदारलाई प्राथमिकता दिइनु पर्दछ । आवश्यक परेका सीपयुक्त व्यक्तिहरू नेपालमा उपलब्ध नभएमा मात्रै विदेशी कामदारहरू राख्न पाइन्छ । यसका लागि अनुमति श्रम मन्त्रालयबाट लिइनु पर्ने छ । विदेशी कामदारलाई राखेपछि, पाँच वर्ष भित्रमा त्यस्तो सीप नेपाली नागरिकलाई हस्तान्तरण गरिनेछ भनेर लगानीकर्ताले प्रतिबद्धता पनि जनाउनु पर्ने हुन्छ ताकि पाँच वर्ष भित्रमा घरेलु कामदारले विदेशी कामदारलाई प्रतिस्थापन गर्न

सकुन् । यस अवस्थामा नेपाली नागरिकले विश्वभरीका नवीनतम व्यवास्थापकीय र प्राविधिक विकासमा आफूलाई विज्ञ बनाउने क्रममा आउने जटिलतालाई हल्का रूपमा लिएको भान हुन्छ । यस प्रावधानले चुनौतिपूर्ण स्थानमा कम योग्य विज्ञहरूलाई राख्नका लागि अवसर सिर्जना गरिदिन्छ जसले औद्योगिक सम्बन्धलाई जोखिमयुक्त बनाइदिन्छ ।

## ६. औद्योगिक सुरक्षा

विदेशी लगानी नीति २०७१को मस्यौदाले वैदशिक लगानी अन्तर्गतका उद्योगका लागि औद्योगिक सशस्त्र बलको व्यवस्था गरेको छ र साथै ५०० भन्दा बढी नेपाली कामदारलाई रोजगारी प्रदान गर्ने विदेशी स्वामित्व भएका उद्योगका लागि प्रहरी बिटको पनि व्यवस्था गरेको छ । ५०० भन्दा कम कामदार भएका उद्योगहरू पनि अर्थतन्त्रका लागि उत्तिकै महत्वपूर्ण हुने भएकाले उनीहरूको पनि सुरक्षा उत्तिकै महत्वपूर्ण छ । त्यसैगरी यस नयाँ मस्यौदाले वैदेशिक स्वामित्व भएका उद्योगमा हुन सक्ने अप्रत्याशित र बाधामूलक व्यवहारहरूलाई उपयुक्त कानुनी प्रकृया मार्फत कम गरी, काम गर्नका लागि स्थिर वातावरण उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको कुरा पनि अभिव्यक्त गरेको छ । विगतका वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, वैदेशिक लगानी ऐन तथा वैदेशिक लगानी तथा एक द्वार प्रणाली नीतिमा औद्योगिक सुरक्षा सम्बन्धी कुनै व्यवस्था छैनन् ।

वैदेशिक लगानी राजनीतिक स्थिरता र सम्पत्तिको अधिकारको सुनिश्चितता जस्ता मुद्धाहरू प्रति विशेष रूपमा संवेदनशील हुन्छन् । अस्थिर राजनीतिक वातावरणले भ्रष्टाचार चरमोत्कर्षमा हुन सक्ने स्थिति ल्याईदिन्छ किनकी अस्थिर राजनीतिक परिवेशमा सत्तामा रहने समय निकै नै छोटो हुन सक्छ र यही छोटो समयमा नै सम्भव भए सम्म धेरै फाइदा लिन खोज्ने प्रवृत्ति हावी हुन सक्छ । त्यसै गरी, कमजोर सम्पत्तिको अधिकारले भौतिक तथा बौद्धिक सम्पत्तिको सम्भावित क्षति इंगित गर्दछ । त्यसैले सरकारले निश्चित क्षेत्रहरूमा सुरक्षा प्रदान गर्नु भन्दा देशभरि नै राजनीतिक, सामाजिक, तथा आर्थिक वातावरणको अवस्था सुधार गर्न प्रयास गर्नु जरुरी छ ।

## ७. राष्ट्रियकरण तथा जफत

वैदेशिक लगानी तथा एक द्वार नीति २०४९ ले स्पष्टसँग वैदेशिक लगानी अन्तर्गतका उद्योगहरूलाई राष्ट्रियकरण नगरिने भनेर उल्लेख गरेको छ जबकि वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र विदेशी लगानी नीति २०४९ ले भने यस्तो कुनै व्यवस्था गरेका थिएनन् । वैदेशिक लगानीको प्रस्तावित नीति मस्यौदाले "रणनीति" अन्तर्गतको खण्डमा वैदेशिक लगानीमा स्थापना भएका कुनै पनि उद्योग राष्ट्रियकरण नगरिने कुरा जनाएता पनि, "ग्यारेन्टी तथा सुविधा" अन्तर्गतको खण्डमा भने सार्वजनिक सुरक्षा तथा हितसँग सम्बन्धित विषम परिस्थितिमा नेपाल सरकारले लगानीलाई उचित क्षतिपूर्ति दिएर राष्ट्रियकरण गर्न सक्नेछ भन्ने उल्लेख छ । यद्यपि, यस्तो विषम परिस्थिति के-कस्ता हुन सक्छन् भन्ने बारे केही उल्लेख गरिएको छैन ।

राष्ट्रियकरणको प्रावधानले विदेशी लगानीकर्तालाई अनिश्चयको जोखिममा पार्दछ किनकि उनीहरूको सम्पत्तिको अधिकार कानुनद्वारा सुरक्षित नहुन सक्छ । जब कुनै लगानी नीतिले एउटा लगानीकर्ताको सम्पूर्ण सम्पत्ति जफत हुन सक्ने वातावरण बनाउँछ, यो लगानीकर्ताहरूका लागि चेतावनीको संकेतको रूपमा काम गर्छ र उनीहरूलाई उक्त देशमा लगानी गर्नबाट निरुत्साहित गर्छ । यस मस्यौदा नीतिले विदेशी लगानीकर्ताको सम्पत्ति कस्तो अवस्थामा राष्ट्रियकरण हुन सक्छ भन्ने कुरा स्पष्टसँग परिभाषा गरेको छैन । यसले सरकारलाई कहिले र कस्तो अवस्थामा विदेशी लगानीलाई राष्ट्रियकरण गर्ने भन्ने विषयमा निरंकुश विवेकाधिकार भएको भान हुन्छ ।

विदेशी लगानीमा स्थापित उद्योग सार्वजनिक हितका मुद्धामा राष्ट्रियकरण वा जफत गर्न सकिने भनिएका ठाँउमा सार्वजनिक हित अन्तर्गत राष्ट्रिय सुरक्षा, जन स्वास्थ्य, र वातावरणजस्ता कुराहरु उल्लेख गरे पनि यी कुराहरु स्पष्टसँग प्रस्तुत वा व्याख्या नगर्दा यस्ता कानुनी प्रावधानहरू देशमा विदेशी लगानी भित्रयाउने कार्यमा बाधक बन्न सक्छन् । यस प्रावधानले अनिश्चयको अवस्था सृजना गरी लगानी ईच्छुक व्यक्तिको संख्या घटाउन सक्छ ।

## ८. लगानी फिर्ता

विदेशी लगानी नीति २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र विदेशी लगानी तथा एक द्वार नीति २०४९ ले विदेशी लगानीकर्ताले नेपालमा लगानी गरेर कमाएको आम्दानीको १०० प्रतिशतसम्म र तलब तथा ज्यालाको रूपमा कमाएको आम्दानीको ७५% सम्म परिवर्तनीय मुद्रामा फिर्ता लान पाउने व्यवस्था गरेका छन् । वैदेशिक लगानी नीति मस्यौदाले पनि समान व्यवस्थालाई निरन्तरता दिएको छ तर तलब तथा ज्याला फिर्ता पठाउन भने श्रम मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने नयाँ नियम थपेको छ ।

वैदेशिक स्वामित्व रहेका उद्योगहरूका विदेशी कर्मचारीहरूले श्रम मन्त्रालयलाई पूर्व जानकारी गराई  पूर्व स्वीकृति लिए पछि मात्र नेपालमा काम गर्न पाउँछन् किनकि श्रम मन्त्रालयले नेपालमा काम गरिरहेका विदेशी नागरिकहरूको विस्तृत जानकारी माग गर्छ । त्यसैगरी तलब विदेश फिर्ता गर्दा नेपाल राष्ट्र बैंकबाट गरिने भएकाले कर्मचारीको अभिलेख राख्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकको पनि हुन आउँछ । श्रम मन्त्रालयको भूमिका कुनै काम नेपाली नागरिकले गर्न नसकेमा मात्र विदेशी नागरिक नियुक्त गरिएको कुरा सुनिश्चित गराउनु हो भने नेपाल राष्ट्र बैंकको जिम्मेवारी आफ्नो आम्दानी स्वदेश फिर्ता गर्न खोज्ने लगानीकर्ता र कर्मचारीको आवश्यक अभिलेख राख्नु हो । यी कर्मचारीहरूलाई समान किसिमको प्रकृयाका लागि विभिन्न माध्यमबाट (अर्थात श्रम मन्त्रालय र नेपाल राष्ट्र बैंकबाट) गइराख्नु पर्ने व्यवस्थाले असुविधा थपेको देखिन्छ । लगानी फिर्ता सम्बन्धी नीतिको उचित कार्यान्वयन तब मात्र सम्भव छ जब यी दुई विभागहरूबीच कुशल र प्रभावकारी सञ्चार कायम रहन्छ  (म्यानमार व्यवसाय निर्देशिका २०१४) ।

## ९. विवाद समाधान

विगतका वैदेशिक लगानी नीतिहरूले विवाद समाधानको पहिलो तहको प्रयास उद्योग विभागको उपस्थितिमा आपसी परामर्शमा गरिनु पर्ने उल्लेख गरेका छन् । यसरी गरिएको विवाद समाधानको प्रयास असफल भएमा सम्बन्धित पक्षहरू संयुक्त राष्ट्र संघ अन्तर्राष्ट्रिय व्यापार कानुन आयोग (यूएनसीआइटीआर

एएल) को नियमावली अन्तर्गत मध्यस्ततामा जान पाउँछन् । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र विदेशी लगानी तथा एक द्वार नीति २०४९ ले जनाए अनुसार “निश्चित राशि” सम्मको लगानीको हकमा विवाद समाधान प्रकृया वैदेशिक लगानी सम्झौता अनुसार गर्न सकिन्छ तर उक्त राशि कति हो भनेर कतै खुलाइएको छैन । प्रस्तावित वैदेशिक लगानी नीति मस्यौदाका अनुसार भने कम्तिमा १ करोड डलर रकमका वैदेशिक लगानीले वैदेशिक लगानी सम्झौता अनुसार मतभेद समाधान गर्न पाउने छन् । त्यसैगरी मध्यस्तता प्रकृया र आवश्यक दस्तावेजहरूका लागि नेपाली र अङ्ग्रेजी दुवै भाषा स्वीकार्य छन् ।

यद्यपि, वैदेशिक लगानी सम्झौताका आधारमा विवाद समाधान गर्नका लागि १ करोड डलरको न्यूनतम मापदण्ड राख्नु पछाडिको कारण कतै व्याख्या गरिएको छैन । यदि सबै विदेशी स्वामित्व वा विदेशी र नेपाली स्वामित्व भएका विवादहरूलाई वैदेशिक लगानी सम्झौताका आधारमा नै समाधान गर्न दिइएमा, यसले उपयुक्त वातावरण निर्माण गर्नेछ । यसले गर्दा सबै सरोकारवाला पक्षहरू सम्झौताका शर्तहरूलाई लिएर समान हुने थिए । यसका अतिरिक्त नेपालको श्रम ऐन अनुसारको समाधान प्रकृया वैदेशिक लगानी सम्झौता दस्तावेज अनुसारको भन्दा लामो समय लाग्ने हुन सक्छ । यदि विवादहरू वैदेशिक लगानी सम्झौता अन्तर्गत समाधान गरिने गरिएमा वैदेशिक स्वामित्व भएका सम्पूर्ण उद्योगहरूमा औद्योगिक सम्बन्धमा सुधार आउने थियो ।

## १०. हड्ताल माथि प्रतिबन्ध

प्रस्तावित वैदेशिक लगानी नीति मस्यौदाले विशेष आर्थिक क्षेत्रहरू र निर्यात प्रशोधन क्षेत्रहरूमा हड्ताल गर्न स्पष्ट रूपमा प्रतिबन्ध लगाएको छ । विगतका कुनै पनि नीतिहरूले संगठित हुन र विरोध गर्नमा यस्तो किसिमको प्रतिबन्ध लगाएका थिएनन् ।

हुनत यो मुद्धा विशेषतः वैदेशिक लगानी नीति भन्दा पनि श्रम संहितासँग सम्बन्धित छ, यद्यपि यसले नेपाल सरकारले नेपाली नागरिकहरूलाई गरेको प्रतिबद्धता र नेपालको अन्तर्राष्ट्रिय वाचाहरू उल्लंघन गर्दछ । यस प्रावधानले

प्रत्येक नेपाली नागरिकको संगठित हुने र विरोध गर्न पाउँने संवैधानिक अधिकार हनन् गर्दछ । हड्ताल माथिको सीधा प्रतिबन्ध अन्तर्राष्ट्रिय श्रम संगठनको सिद्धान्त विरुद्ध पनि छ जसले मजदुरको संगठित हुने र विरोध गर्ने अधिकारलाई मान्यता दिएको छ । अन्तर्राष्ट्रिय श्रम सम्मेलनका दुई संकल्पहरूले पनि यस अधिकारलाई जोड दिएका छन् । "अन्तर्राष्ट्रिय श्रम संगठनका सदस्य राष्ट्रहरूमा ट्रेड युनियन विरोधी कानुनको उन्मूलन सम्बन्धी संकल्प, १९५७" ले मजदुरको हड्ताल गर्न पाउने अधिकार सहितको ट्रेड युनियनका अधिकारहरूको प्रभावकारी र अप्रतिबन्धित अभ्यास सुनिश्चित गराउने कानुनको माग गरेको छ । "ट्रेड युनियनका अधिकारहरू र तिनको नागरिक स्वतन्त्रतासँगको सम्बन्ध बारे संकल्प, १९७०" ले हड्ताल गर्न पाउने अधिकार सहितको ट्रेड युनियनका अधिकारहरूको सर्वव्यापी सम्मान सुनिश्चित गराउन सदस्य राष्ट्रका सरकारी निकायहरूलाई निमन्त्रणा गरेको थियो (गर्निगन, ओडेरो र गुइडो, २०००) ।

यसका अतिरिक्त अन्तर्राष्ट्रिय श्रम संगठनका विभिन्न समितिहरूले पटक-पटक हड्तालले मजदुरहरूको आर्थिक र सामाजिक हितको रक्षा र प्रवर्द्धन गर्न दिने भएकाले यो उनीहरूको मौलिक अधिकार भएको कुरा उल्लेख गरेका छन् ।

वैदेशिक लगानी नीतिमा यस्तो प्रावधान राख्नाले औद्योगिक सम्बन्धहरूको शक्ति सन्तुलनमा नकरात्मक असर पर्न सक्छ किनकि यस्तो कानुनले मजदुरहरूको अधिकार हनन् भएका अवस्थाहरूमा मजदुरहरूको सामूहिक सौदाबाजी गर्ने क्षमतामा ठूलो ह्रास ल्याउँछ । यसले मैत्रीपूर्ण श्रम सम्बन्ध कायम राख्न सकिने सम्भावनामा ह्रास ल्याउँछ ।

## ११. द्विपक्षीय सम्झौताहरू

विदेशी लगानी नीति २०४९ र विदेशी लगानी तथा एक द्वार नीति २०४९ले विदेशी लगानीकर्ताहरूलाई उनीहरूको आम्दानीमा दोहोरो कर लाग्नबाट जोगाउन "दोहोरो कर हटाउने सम्झौता" गर्न सरकारको ईच्छा रहेको कुरा स्वीकारेका छन् । प्रस्तावित वैदेशिक लगानी नीतिले नेपालमा वैदेशिक लगानी भएका

देशहरूसँग दोहोरो कर हटाउने सम्झौताका अतिरिक्त द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता गर्नमा पनि जोड दिएको छ ।

नेपालले पाँच देशहरूसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता गरिसकेको छ र अन्य देशसँग गर्ने तयारीमा छ । यस सम्झौताले कुनै राष्ट्रमा भएका वैदेशिक लगानीले युद्ध, सशस्त्र संघर्ष वा संकटकालले गर्दा क्षति व्यहोर्नु परेमा त्यसका लागि उक्त राष्ट्र जिम्मेवार रहने कुरा उल्लेख गरेको छ । यस्ता परिस्थितिमा नेपाली लगानीकर्ताहरूलाई आयोजक राष्ट्रले संरक्षण गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने कानुनी प्रावधान छ । यद्यपि, विदेशमा लगानी प्रतिबन्ध गर्ने ऐन २०२१ अझै नेपालमा कार्यान्वयनमा छ जसले अन्ततः नेपाली लगानीकर्ताहरूलाई विदेशमा लगानी गर्नबाट रोक्छ । यो मुद्धा नीतिहरू बीचको बेमेलको मुद्धा भएता पनि, समग्रमा लगानीसँग सम्बन्धित मुद्धाहरू अन्य सम्बन्धित नीति दस्तावेजहरूमा आवश्यक संशोधन नगरी आन्तरिक वैदेशिक लगानीसँग सम्बन्धित नीतिले मात्र समाधान गर्न सक्दैन ।

## १२. अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

प्रस्तावित वैदेशिक लगानी नीति २०७१ले विश्व व्यापार संगठनको सेवा व्यापार सम्बन्धित नियमहरू पालना गर्ने प्रतिबद्धता गरेको छ । उक्त प्रतिबद्धता अनुसार नेपालले १० वटा सेवा क्षेत्रहरू र ७० वटा सेवाका उप-क्षेत्रहरू वैदेशिक लगानीका लागि खुल्ला गर्नुपर्नेछ (साउती, २०११) । यी सेवा क्षेत्रहरूमा व्यवसाय सेवाहरू, सञ्चार सेवाहरू, निर्माण तथा ईन्जिनियरिङ्ग सम्बन्धित सेवाहरू, वितरण सेवाहरू, शिक्षा सेवाहरू, वातावरण सम्बन्धी सेवाहरू, वित्तिय सेवाहरू, स्वास्थ्य सम्बन्धी तथा सामाजिक सेवाहरू, पर्यटन र यात्रा सम्बन्धी सेवाहरू, मनोरञ्जनात्मक साँस्कृतिक तथा खेलकुद सेवाहरू र यातायातसेवाहरू पर्दछन् । यी सेवा क्षेत्रहरूमा १०० प्रतिशतसम्म वैदेशिक लगानी गर्न पाइन्छ। ग्याट् (General Agreement on Tariffs and Trade) अन्तर्गत नेपालले वैदेशिक लगानी भएका कुनै पनि उद्योगलाई अनुदान नदिने सहमति गरेको छ । यद्यपि, यस नयाँ मस्यौदा भने विदेशी स्वामित्व भएका उद्योगहरूलाई

पनि स्वदेशी लगानीकर्तालाई समान सुविधा दिने भनिएको छ । त्यसैगरी यस मस्यौदामा स्वदेशी कच्चापदार्थमा निर्भर र ५० प्रतिशत भन्दा बढी मूल्य अभिवृद्धि हुने निर्यातजन्य क्रियाकलापहरूलाई अनुदान दिने भन्ने प्रावधान छ जुन विश्व व्यापार संगठनको सम्झौता विरुद्ध छ । यस नीति अन्तर्गत वैदेशिक लगानीका लागि व्यवस्था गरिएका अनुदान र उत्प्रेरणाहरूले ग्याट्समा गरिएको वाचा उल्लंघन गर्दछन् ।

## १३. लगानीका प्रकारहरू

विदेशी लगानीकर्ताहरूलाई संस्थागत विदेशी लगानीकर्ता, व्यक्तिगत विदेशी लगानीकर्ता र गैर-आवासीय नेपाली विदेशी लगानीकर्ताको वर्गमा विभाजन गरिएको छ । यी विभिन्न समूहहरूले गर्न पाउने लगानीको प्रकार सिमित गरि एको छ । संस्थाहरूले प्रत्यक्ष र द्वितीयक बजारमा लगानी गर्न पाउँछन् । व्यक्तिगत विदेशी लगानीकताहरूले द्वितीयक बजारमा लगानी गर्न पाउँदैनन् भने गैर-आवासीय नेपाली विदेशी लगानीकर्ताले भने प्रत्यक्ष र द्वितीयक बजार दुवैमा लगानी गर्न पाउँछन् । यद्यपि, यस मस्यौदाले द्वितीयक बजारमा लगानी गर्ने संस्थाहरूले किनेको सम्पत्ति तीन महिना पछि मात्र विक्री गर्न पाउने नियम राखेको छ । धितोपत्र बजारको एउटा मौलिक सिद्धान्त नै लगानीकर्ताले आफूले चाहेको समयमा आफ्नो विवेकाधिकारमा आफ्नो लगानी किनबेच गर्न पाउनु हो । कुनै पनि लगानीकर्तालाई धितोपत्र बजारमा गरिएको लगानी उठाउनबाट रोक्नु बजारको मौलिक सिद्धान्त विरुद्ध जानु हो । यसले सम्भावित लगानीकर्ताहरूलाई निरुत्साहित गर्न सक्छ ।

## १४. मूल्य निर्धारण

विदेशी लगानी नीति २०४९ तथा विदेशी लगानी तथा एक द्वार प्रणाली नीति २०४९ले वैदेशिक स्वामित्व भएका उद्योगहरूको उत्पादनमा मूल्य निर्धारण गर्ने किसिमको हस्तक्षेप गरिने छैन भनि उल्लेख गरेका छन् । वैदेशिक लगानी नीति २०७१को मस्यौदामा जनस्वास्थ्य जस्ता सार्वजनिक हितका विषयमा भने सरकारले निर्देशिका जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।

धेरै मुद्धाहरू सार्वजनिक हितसँग जोडिन आउन सक्ने हुनाले सरकारले स्वेच्छाचारी रूपमा कुनै पनि उत्पादन माथि सार्वजनिक हितको कारण देखाएर निर्देशिका जारी गर्न सक्छ । त्यसैले यस्ता व्यवस्थाले अनिश्चय सृजना गरी लगानीकर्तालाई निरुत्साहित गर्न सक्छन् ।

## १५. बहिर्गमनको व्यवस्था

विदेशी लगानी नीति २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ तथा विदेशी लगानी तथा एक द्वार प्रणाली नीति २०४९ मा वैदेशिक स्वामित्व भएका उद्योगहरूको बहिर्गमन सम्बन्धी कुनै व्यवस्था छैन भने नयाँ मस्यौदाले भने उद्योग विभाग, लगानी बोर्ड वा उद्योग मन्त्रालय जसको मातहतमा उक्त उद्योग पर्छ, उक्त निकायको अनुमति लिई बहिर्गमन गर्न पाउने व्यवस्था गरेको छ ।

प्रस्तावित वैदेशिक लगानी नीति २०७१ले ठूला लगानी, विशेष गरी दीर्घकालीन लगानी आकर्षित गर्ने लक्ष्य राखेको छ । तर जब कुनै नीतिले लगानीकर्ताले लगानी मोचन गर्न अनुमति लिनु पर्ने जस्तो अवस्था सृजना गर्छ, तब यसले लागत बढाउँछ र अन्यत्र भएका बजारका अवसरहरूबाट फाइदा लिने सम्भावनामा अनिश्चय बढाउँछ । यसले लगानीकर्ता उक्त राष्ट्रमा लगानी गर्नबाट निरुत्साहित हुन्छ । त्यसैले कुनै बजारबाट बहिर्गमन हुन लाग्ने कदमहरूको संख्या वृद्धि गर्नाले उक्त बजारमा आउने वैदेशिक लगानीको परिमाणमा ह्रास ल्याउन सक्छ ।

# अध्याय ४ - वैदेशिक लगानी र नेपालको परिवेश

वैदेशिक लगानी एकपक्षीय मामला होइन । वैदेशिक लगानी प्रति सरकार को आसय वा आकांक्षा वैदेशिक लगानी नीति मार्फत मूल्याङ्कन गर्न सकिएता पनि देशमा भित्रिरहेको वैदेशिक लगानीको दर वा स्थितिले लगानीकर्ताको नजरमा देशको लगानी वातावरण बारे जान्न सकिन्छ । विश्व बैंक समूहका अनुसार व्यवसाय गर्ने सहजताका आधारमा हेर्दा नेपाल कोस्टा रिका, घाना वा मौरिसस भन्दा पनि तल छ । त्यसैले नेपालले यी देशहरूभन्दा वैदेशिक लगानी पनि कम भित्राएको समाचार आश्चर्यजनक छैन (डब्लुबीजी, २०१४) । यद्यपि, जाम्बिया, सुरीनाम, बङ्गलादेश जस्ता देशले (जो व्यवसाय सहजताका आधारमा नेपाल भन्दा पनि तल छन) वैदेशिक लगानी आकर्षित गर्ने कुरामा भने राम्रो प्रदर्शन गरेका छन् (डब्लुबीजी, २०१४) । त्यसकारण नेपालले व्यवसाय स्थापनालाई मात्रउदारीकरण नगरेर देशमा लगानीको प्रवाहमा अवरोध पुऱ्याइराखेको हुन सक्ने विद्यमान व्यवस्थालाई पनि संशोधन गर्नु जरुरी छ ।

वैदेशिक लगानीलाई बन्देज लगाउन नखोज्ने वातावरणले स्वदेशी व्यवसायहरूको प्रतिस्पर्धात्मकता पनि वृद्धि गर्छ र भित्रिरहेका लगानीबीच स्वस्थ प्रतिस्पर्धालाई बढावा दिन्छ । यी नयाँ व्यवसायहरूले सम्पूर्ण बजारलाई अझ प्रभावकारी ढंगले काम गर्न प्रोत्साहन मात्र दिँदैनन् बलकि बजारमा विशेष लक्षणहरू पनि थप्छन् जुन उनीहरूको असंलग्नतामा पनि रहिरहन्छ । वैदेशिक लगानीद्वारा बजारमा थप हुने राम्रो कुराको एउटा उदाहरण सीपयुक्त कर्मचारीको सृजना हो । लगानी गर्ने व्यवसायको गृह देशका कामदार भन्दा यताका कामदार कम सिपालु र दक्ष हुन सक्ने हुँदा पनि जब व्यवसायहरूले स्थानीय कर्मचारीहरू भर्ती गर्छन्, ती कर्मचारीहरूले आफ्नो अर्थतन्त्रमा अनुपस्थित नयाँ

प्रविधि र सीपसम्म पहुँच पाउँछन् । यसले देशको श्रमशक्तिको गुणस्तरमा सुधार ल्याउँछ। अनुसन्धानले देखाएको छ कि अर्थतन्त्रमा विदेशी व्यवसायको उपस्थितिले सरदर ज्यालादरमा वृद्धि ल्याउँछ किनकि विदेशी व्यवसायहरूले प्रायः जसो स्वदेशी व्यवसायहरूले भन्दा बढी ज्याला दिन्छन् (लिप्से, २००२) । त्यसै गरी, बहुराष्ट्रिय कम्पनीहरूले उपलब्ध गराएको स्तरीय उत्पादन र सेवा प्रयोग गर्ने बानी परेका उपभोक्ताले आफ्नो व्यवहार स्थायी रूपमा परिवर्तन गरी स्वदेशी उत्पादकहरूबाट पनि गुणस्तरीय उत्पादनको माग गर्न थाल्छन् । त्यसैले वैदेशिक लगानीले माग र आपूर्ति दुवैमा प्रभाव पारेर बजारमा सुधार ल्याउन सक्छन् (कोहलर, २०१० ; असिएदु, २००१) ।

वैदेशिक लगानीले लगानी भित्रिने देशलाई असल व्यवस्थापनका तरिकाहरू तथा बजार सूचना पनि उपलब्ध गराउँछन्। अल्पविकसित राष्ट्रहरूसँग कतिपय अवस्थामा विश्व बजार र यसको कार्यशैलीको राम्रो ज्ञान नभएकाले पनि यी देशहरु पछि परिरहेका हुन्छन्। बहुराष्ट्रिय कम्पनीहरूले यस्ता देशलाई विश्व बजार सम्बन्धी बहुमूल्य सूचना दिन महत्वपूर्ण भूमिका खेल्न सक्छन् र यस्तो सूचनाको उचित उपयोग गर्नका लागि आवश्यक व्यवस्थापकीय क्षमताहरू पनि प्रदान गर्न सक्छन् । नयाँ स्रोत खोजिरहेका विदेशी व्यवसायहरूले स्रोतहरूको नविनतम उपयोग पत्ता लगाउन सक्छन् जसको सदुपयोगले समाजमा धन अभिवृद्धि गर्ने नयाँ मार्गहरू सृजना हुन्छ ।

पूर्वी एशियाली मूलुकहरूलाई विश्व बजारमा चिनाउन त्यहाँ भएका अमेरिकी कम्पनीहरू जिम्मेवार रहेको देखिन्छ (लिप्से, २००२) । व्यवसायहरू विदेशी बजारमा या त स्रोतको खोजीमा या त बजारको माग पूर्ति गर्न प्रवेश गर्छन्। त्यसैले विदेशी प्रवेशीहरूले स्थानीय जनतालाई नवीनतम उत्पादन उपलब्ध गराउँछन् वा उक्त देशमा विद्यमान स्रोतको नयाँ उपयोग पत्ता लगाउछन । लिप्से (२००२)ले, र्ही र बेलोट लाई दोहोऱ्याउदै भनेका छन् कि बहुराष्ट्रिय कम्पनीहरूले ... "विकासोन्मुख देशहरूलाई प्राविधिक, बजारीकरण सम्बन्धी, व्यवस्थापनका आधारभूत ज्ञान हस्तान्तरण गर्दछन - यो भूमिका बहुराष्ट्रिय कम्पनीद्वारा गरिने वैदेशिक लगानीसँग सम्बन्धित वित्तिय स्रोतको हस्तान्तरण भन्दा बढी महत्वपूर्ण छ।"

उनले ईन्डोनेशियामा प्लाईवुड उत्पादनको सुरुवात र सफलताको उदाहरण दिएका छन् । कोरियामा बढ्दो ज्यालाका कारण प्लाईवुड उत्पादन अत्यन्त मँहगो भए पछि कोरियाली व्यवसायहरूले ईन्डोनेशियामा यो क्रियाकलाप सुरुवात गरेका थिए । त्यसै गरी जाम्बियाको फौजी वर्दी निर्यातको सफलताबारे पनि उनले उल्लेख गरेका छन् । उक्त उद्योग सुरुमा संयुक्त लगानीमा सुरु गरिएको भएता पनि पछि आत्मनिर्भर भई आफैं निर्यात गर्न सक्ने भएको थियो । यस्ता अन्य उदाहरणहरू पनि उनले दिएका छन् (लिप्से, २००२) । यस्ता उदाहरणहरूले हाम्रो अर्थतन्त्रमा वैदेशिक व्यवसायहरूको सहभागिताबाट नेपालले लिन सक्ने फाइदाहरू बारेमा व्यवहारिक दृष्टिकोण दिन्छन् । यद्यपि, प्रविधि हस्तान्तरणबाट लाभान्वित हुनका लागि स्थानीय व्यवसायहरूको विशिष्टीकरणको स्तर कुन हुनुपर्ने भन्ने बहसका सन्दर्भमा भने के देखिएको छ भने स्वदेशी व्यवसायहरू अत्यन्त प्रारम्भिक स्तरका नभएमा यस्तो हस्तान्तरणको लाभ एकदम बढ्न जान्छ (लिप्से, २००२)। त्यसैले नेपालमा तुरुन्त सुधारहरू कार्यान्वयन गरेर प्रतिस्पर्धात्मकता बढाउने र धेरै भन्दा धेरै उद्यमीहरूलाई बजारमा सहभागी हुने र सिक्ने अवसर सृजना गर्ने समय आइसकेको छ ।

संक्षेपमा भन्नुपर्दा प्रत्यक्ष वैदेशिक लगानीको फाइदा बाहिरी स्रोतबाट कति पैसा वा पुँजी ल्याइयो भन्ने कुरामा अन्त्य हुँदैन । यस्ता लगानीबाट हुने फाइदाहरू धेरै गुणा हुन्छन् किनकि नव सृजित धनबाट धेरै समूहहरू लाभान्वित हुन्छन् : लगानीकर्ताहरू नाफाबाट, उपभोक्ताहरू आफूले किन्ने सामान तथा सेवाहरूबाट । वस्तुहरूको देश भित्रै उत्पादन हुनाले आयातमा कमी ल्याउन मद्दत पुग्छ, नयाँ उद्योग सुरु गर्न प्रयोग गरिएको मुद्राले विदेशी मुद्राको सञ्चय वृद्धि गर्न मद्दत पुग्छ, नागरिकहरूले रोजगारीको अवसरहरू पाउँछन्, उच्च गुणस्तरीय कामदार तथा सेवा प्रदायकको माग बढ्नाले यसले अरु व्यवसायलाई पनि अझ उत्पादक बनाउँछ र मानव पुँजी निर्माणका लागि अझ राम्रा शैक्षिक संस्थाहरू पनि सृजना गर्न सक्छ र यो सूची अझै लामो छ । त्यसैले प्रत्यक्ष वैदेशिक लगानीलाई देशमा पैसा भित्राउने माध्यमका रूपमा मात्र नहेरी बहुपक्षीय विकासको प्रवर्द्धकका रूपमा हेरिनुपर्छ ।

## १. नेपालमा भइरहेका असल अभ्यासहरू

नयाँ वैदेशिक लगानी नीति मस्यौदाले वैदशिक लागनीका लागि छुट्टै उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड र नियामक निकायहरू, जस्तै : उद्योग विभाग र उद्योग मन्त्रालयको, व्यवस्था गरेको छ । नियामक निकायहरू नियमको अनुपालन गरी चल्नुपर्ने र शासन गरिरहेको दलको सिद्धान्त अनुसार चल्ने पनि हुन सक्छन् । प्रवर्द्धन निकायहरू भने "बजार केन्द्रित" हुनु र बजारीकरण र व्यवसायिक अभ्यासमा राम्रो दखल भएको हुन जरुरी छ । व्हाईट, ओर्टेगा र ग्रिफिनले विश्व बैंक समूहको "ईन्भेष्टमेन्ट क्लाईमेट इन प्र्याक्टिस्" श्रृंखलाको "ईन्भेष्टमेन्ट रेगुलेशन एण्ड प्रमोशन : क्यान दे एक्जिस्ट ईन वान बडी?" नामक आफ्नो पत्रमा नियमन र प्रवर्द्धन एउटै निकायले गर्ने अर्थतन्त्रहरू भन्दा छुट्टा-छुट्टै नियामक निकाय र प्रवर्द्धन निकाय भएका अर्थतन्त्रहरूले धेरै राम्रो गरेका छन् भनेर तर्क गरेका छन् ।

उनीहरूको विचारमा नियमन र प्रवर्द्धन भिन्न-भिन्न उद्देश्य भएका फरक कार्यहरू भएकाले दुवै कार्य गर्ने एउटै निकाय भएमा आफ्नै कामहरू खण्डित गर्न सक्छन् र सम्भावित लगानीकर्तालाई मिश्रित संकेत पठाउन सक्छन् (व्हाईट लगायत, २०११) । सैद्धान्तिक रुपमा यस मस्यौदामा संस्थागत व्यवस्थाहरूको हालको ढाँचा राम्रो भएता पनि, यस्ता संस्थाहरूको आवश्यकता चाँहि किन छ त भन्ने संदेहको निवारण भने यसले गर्न सकेको छैन । सबै व्यवसायहरू कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता हुनुपर्ने प्रावधान छ जसले गर्दा उद्योग विभागको आवश्यकता देखिँदैन । त्यसै गरी निजी लगानीलाई समर्थन गर्ने एउटा राम्रो संस्थागत ढाँचाले सक्रिय स्वेदशी व्यवसायहरूको आधार देखाउनेछ जसले गर्दा उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको अस्तित्वको लागि कुनै कारण बाँकी रहँदैन ।

नयाँ वैदेशिक लगानी नीति मस्यौदाले वैदेशिक स्वामित्व भएका लगानीको स्थापनाका लागि कुनै न्यूनतम आवश्यकता तोकेको छैन जसको अर्थ लगानीकर्ताहरूले निश्चित परिमाणभन्दा कम वा बढी मात्र लगानी गर्नुपर्ने बन्देज छैन । साना तथा मझौला उद्योगहरू विकासका मूल्यवान संवाहकहरू हुन्

र वृद्धिको सम्भावना प्रदर्शित गर्दछन् । ठूला उद्योगहरूले ठूलो परिमाण हुँदा कम लागतमा उत्पादन गरी स्रोतको सदुपयोगमा पनि बढी प्रभावकारी होलान्, तर एउटा विशाल उद्योग बराबरको दुई साना परियोजनाहरूमा विशाल उद्योगचाहिँ साना परियोजनाहरुभन्दा अर्थतन्त्रका लागि राम्रो हो वा साना उद्योगहरू राष्ट्रका लागि दीर्घकालमा राम्रो हुन सक्दैनन् भन्ने कुरालाई समर्थन गर्ने खासै प्रमाणहरू उपलब्ध छैनन् । उदाहरणका लागि, सूचना प्रविधिको क्षेत्रमा, तुलनात्मक रूपमा थोरै पुँजी र समयमा व्यवसाय स्थापना गर्न सकिन्छ । यस्ता व्यवसायहरूलाई पूर्वाधारको अभाव, जस्तै : अपुग सडकले, पनि असर पार्दैन । त्यसैगरी बहुराष्ट्रिय कम्पनीहरूले पनि अन्जान क्षेत्रमा ठूलो लगानी गर्नु भन्दा पहिले सानो लगानी गरिहेर्न चाहन सक्छन् ।

कुनै देशको विभिन्न द्विपक्षीय वा क्षेत्रीय स्तरका सन्धिहरूमा भएको संलग्नताले पनि त्यसको लगानीको वातावरणमा प्रकाश पार्न मद्दत गर्दछ । यस्ता सन्धि तथा सम्झौताहरूले व्यवसायहरूको आगमन सहज बनाउने किसिमका विभिन्न नियम तथा नियमनहरू लागु गर्छन् र उक्त देशमा सञ्चालनमा रहेका व्यवसायहरूका लागि भएका मापदण्डहरू पनि सहज बनाउँछन् । विश्व व्यापार संगठनमा नेपालको प्रवेश र अन्य देशहरूसँग द्विपक्षीय सन्धि गर्न नेपालले देखाएको ईच्छाले नेपालको वैदेशिक लगानी प्रतिको विश्वयनीयतामा सुधार ल्याउँछ ।

धेरै वैदेशिक लगानी “ग्रीनफिल्ड भेन्चर”को रूपमा पनि सुरु हुन्छन् अर्थात तिनीहरू दीर्घकालमा बजारको एउटै पक्ष वा क्षेत्रमा सीमित रहँदैन् । ग्रीनफिल्ड व्यापारहरूको निश्चित कार्यक्षेत्र हुँदैन र नयाँ माग, स्रोतको उपलब्धता वा प्रविधिगत विकासका आधारमा अर्थतन्त्रका अन्य क्षेत्रमा पनि विस्तार हुन सक्छन् । त्यसैले ठूला लगानीमा मात्र जोड दिँदा देशले प्रमुख रोजगारदाता वा सेवा प्रदायक बन्ने सम्भावना भएका लगानी गुमाउन सक्छ ।

वैदेशिक लगानीकर्ताहरूलाई आकर्षित गर्ने उद्देश्यले नेपाल सरकारले लगानीकर्ताहरूलाई विभिन्न वित्तिय उत्प्रेरणाहरू पनि दिने व्यवस्था गरेको

छ । विश्व बैंक समूहले प्रकाशित गरेको "प्रोभाइडिङ इन्सेन्टिभ्स फर ईन्भेष्टमेन्ट"मा लेखक सेबास्टियन जेम्सले तर्क गरेका छन् कि उत्प्रेरणाहरुको प्रभमव अर्थतन्त्रका सबै क्षेत्रमा फैलिने हुनाले सकरात्मक स्पिलओभर प्रभाव र व्यवसायमा प्रत्यक्ष रुपमा सहभागी हुन चयन नगरेपनि व्यवसायले गर्दा प्रभावित हुने पक्षहरुमा पर्ने प्रभावहरुको क्षेत्रमा उत्प्रेरणाहरु दिइनुपर्छ (जेम्स, २००९) । नयाँ मस्यौदाले अनुसन्धान तथा विकास, पूर्वाधार विकास र अन्य यस्तै क्षेत्रका लगानीका लागि उत्प्रेरणा कार्यक्रमहरू बनाएको छ। "यस्ता लगानीले अर्थतन्त्र र वातावरणीय संरक्षणमा दीर्घकालीन सकरात्मक असर पार्न सक्छन् जसले गर्दा यस्ता लगानीलाई उत्प्रेरणा दिनु न्यायसंगत देखिन्छ (जेम्स, २००९) ।"

यहाँ पनि यस्ता उत्प्रेरणाहरूको वास्तविक असरहरू बुझ्नका लागि खुल्ला दिमाग राख्न जरुरी छ । छुट तथा सुविधा जस्ता कुराहरु उत्प्रेरणाको रुपमा प्रयोग गर्दा अनैतिक व्यक्तिहरुले यसका प्रदायकहरूलाई प्रभाव पारेर यी छुट तथा सुविधा व्यक्तिगत लाभका लागि प्रयोग गर्ने अवसरहरू खडा हुन्छ । अर्थात् भ्रष्टाचारका अवसरहरू सृजना हुन्छन् (भगवती लगायत, १९८४) । धेरै देशहरूले यस्ता उत्प्रेरणाहरू उपलब्ध गराईराखेको अवस्थामा, उत्प्रेरणा उपलब्ध गराउनु एउटा असल तरिका जस्तो देखिएता पनि यस्ता सुविधाहरू आर्थिक रूपमा टिकाऊ हुँदैनन् भन्ने कुरा नजर अन्दाज गरिनु हुँदैन (जेम्स, २००९) । त्यसैले यस्ता उत्प्रेरणा सदा अस्थायी प्रकृतिको हुनुपर्छ र देशको कर नियमावलीमा नै सम्बोधित हुनुपर्दछ किनकी यस्तो अभ्यासले विभिन्न ऐनहरू समान प्रावधानलाई लिएर बाझिने जोखिमलाई कम गर्छ (जेम्स, २००९) । उत्प्रेरणाहरूसँग अप्रत्यक्ष लागतहरू पनि जोडिएका हुन्छन् । सरकारले कर माफर्त राजस्व आर्जन गर्ने सम्भावना त गुमाउँछ नै, साथमा उत्प्रेरणा उपलब्ध गराउनका लागि खर्च पनि वृद्धि गरिराखेका हुन्छ । त्यसैगरी, उपलब्ध उत्प्रेरणाको लाभ लिनकै लागि भनेर पनि आर्थिक रूपमा टिकाऊ नहुने नयाँ व्यवसायहरू पनि स्थापित हुन सक्छन् (जेम्स, २००९) । निष्कर्षमा भन्नुपर्दा, लगानी प्रोत्साहनका लागि उत्प्रेरणा असल विकल्प होइन । यस्ता कार्यक्रमहरू अत्यावश्यक भएमा, तिनीहरू अस्थायी प्रकृतिको हुनुपर्छ र देशको कर व्यवस्थामा नै सम्बोधित हुनुपर्छ ।

## २. सुधारका क्षेत्रहरू

वैदेशिक लगानी नीति मस्यौदामा वैदेशिक व्यवसायहरूलाई देशमा सहजै भित्रिनबाट रोक्ने सम्भावित अवरोधका धेरै पक्षहरू छन् । वैदेशिक लगानीलाई नियमन गर्ने उद्देश्य नराखेका नीतिहरूले नै पनि कतिपय अवस्थामा लगानीलाई निरुत्साहित गर्न सक्छन् । व्यवसाय दर्ता र अनुमति लिने प्रक्रिया झन्झटिलो बनाउने सरकारी नीतिहरूले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको आगमनलाई ठूलो असर पार्छन् किनकी तिनले व्यवसाय सुरु गर्न लाग्ने लागत र समय वृद्धि गर्छन् । यसका अतिक्ति, नेपालको विगतको द्वन्द्व र अस्थिरता, तथा पूर्वाधारहरूको अभाव भइरहेको अवस्थामा नयाँ व्यवसाय गर्ने प्रक्रिया गाह्रो भएको आमधारणा बन्न गएमा देशमा भित्रिने वैदेशिक लगानीको परिमाणमा नकरात्मक असर पर्न सक्छ । स्पष्ट र अनुकुल राजनीतिक वातावरणका विषयमा पनि नेपालको छवि त्यति राम्रो छैन । त्यसैले वैदेशिक लगानी सुधार गर्नका लागि पहिलो कदम भनेको समग्र व्यवसाय गर्ने वातावरणको सधार गर्नु हो ।

नेपालमा स्वदेशी लगानी भन्दा वैदेशिक लगानीले व्यवसाय स्थापना र सञ्चालन गनर्का लागि पुरा गर्नुपर्ने प्रक्रिया धेरै छन् । स्वदेशी र विदेशी लगानीबीचको असमानता कम गरिएमा विदेशी लगानीकर्ताहरूमाझ नेपालको छवि सुधार्न अत्यन्त सहयोग पुग्नेछ । समृद्धि फाउण्डेशनले नेपालमा सक्रिय लगानीकर्ताहरूसँग गरेको भेटघाटका क्रममा धेरैले उद्योग विभाग र श्रम मन्त्रालयले उपलब्ध गराइराखेका सेवाहरू प्रति असन्तुष्टि जनाए । विद्यमान कानुन अनुसार, विदेशी लगानीकर्ता र आवश्यक सीप भएका नेपाली कर्मचारी नपाइनाले नियुक्त गरिएका विदेशी कर्मचारीहरूले श्रम मन्त्रालयमा अन्तर्वाता दिनुपदर्छ जसको अर्थ विदेशी लगानीकर्ताहरूले लगानी गर्न अनुमति पाउनु अघि कम्तिमा एउटा अतिरिक्त प्रक्रियाबाट गुज्रनु पदर्छ जसको लागि लाग्ने समयबारे उनीहरूलाई जानकारी हुँदैन । यस्ता प्रावधान नीति निर्माताहरूलाई हानीरहित लागेता पनि लगानीकर्तालाई भने यसले घातक प्रभाव परिरहेको हुन्छ ।

त्यसैगरी, वैदेशिक लगानी नीतिको मस्यौदाले वैदेशिक लगानीलाई स्वदेशी लगानी सरह व्यवहार गर्ने प्रतिबद्धता उद्योग विभागलाई छुट्टै नियामक निकायको

रूपमा स्थापना गर्ने कदमसँग मेल खाँदैन। स्वदेशी लगानीले जस्तै वैदेशिक लगानीले पनि कम्पनी रजिष्ट्रारको कार्यालयमा आफ्नो व्यवसाय दर्ता गराउनु पर्ने भएकाले कम्पनी रजिष्ट्रारको कार्यालयले स्थापना हुन लागेको व्यवसायको सम्पूर्ण आवश्यक सूचना पाइरसकेको हुन्छ । यसो हुँदा यसमा उद्योग विभागले उस्तै जानकारी लिइराख्नु निरर्थक हुन जान्छ। यसले वैदेशिक लगानीका लागि अर्को एक प्रक्रिया थप गर्ने भएकाले उनीहरूले सामना गर्नुपर्ने संस्थागत भार मात्र वृद्धि गरिरहेको छ। यस मस्यौदा नीतिले वैदेशिक लगानीलाई समान व्यवहार नगरेको उदाहरणमध्ये को यो एउटा मात्र हो।

विदेशी भएका कारण, नेपाली बजारलाई लगानीका लागि हेरिराखेका लगानीकर्ताहरूले प्रवेशाज्ञा र अन्य आप्रवास सम्बन्धी नियमहरूबाट गुज्रनु पर्दछ। धेरै लगानीकर्ताहरूले यस प्रक्रियालाई असन्तुष्टिजनक र अनुमान गर्न गाह्रो भएको आरोप लगाएका छन्। यसो हुनुमा श्रम मन्त्रालय र गृह मन्त्रालयको मातहतमा भएको अध्यागमन विभागको अप्रभावकारिता मुख्य रुपमा जिम्मेवार छ । दस्तावेजहरू प्रक्रियाबाट गुज्रेरे निवेदनको जवाफ पाउन लगानीकर्ताहरुले लामो अवधिसम्म प्रतिक्षा गर्नुपदर्छ । यस्ता प्रक्रियाहरूमा लामो समय लाग्दा लगानीकर्ता र उनीहरूका कर्मचारीहरूका लागि प्रतिकुल वातावरण सृजना हुन्छ। नेपालमा बसोबास गरिरहेका एक लगानीकर्ताका अनुसार नेपालमा प्रवेशाज्ञा नवीकरण मात्र पनि ४ महिनासम्म लाग्छ।

बजारमा प्रवेश र बहिर्गमन दुवैसँग सम्बन्धित प्रावधानहरु प्रत्यक्ष वैदेशिक लगानी नीतिका महत्वपूर्ण पक्षहरू हुन जसले वैदेशिक लगानीलाई प्रभाव पार्छन् । यी दुईमध्ये प्रवेशसँग सम्बन्धित अवरोधहरू बढी महत्वपूर्ण लागे ता पनि, कुनै एउटा ठाउँमा लगानी स्थिर भएर बस्ने ठाउँमा कसैले लगानी गर्न चाहने सम्भावना कम देखिन्छ । त्यसैले, कुनै अर्थतन्त्रमा लगानीको प्रवेश सहज बनाउन र लगानीकर्तालाई लगानीको उचित नियन्त्रण सुनिश्चित गराउन यी दुई पक्षहरूबीचको सामन्जस्यता अत्यावश्यक हुन्छ । नयाँ वैदेशिक लगानी नीति मस्यौदाले देश छोड्न चाहने सबै लगानीले सुरुमा प्रवेशको अनुमति दिने निकायसँग बहिर्गमनका लागि अनुमति माग्नुपर्ने व्यवस्था गरेको छ। एउटा आदर्श नीतिले कम्पनीको विघटन पनि कम्पनी दर्ता कार्यालयबाट मात्र नै हुने व्यवस्था

मिलाउँथ्यो । थप अनुमति माग्नुपर्ने प्रावधानले वैदेशिक लगानीका लागि प्रक्रिया थप मात्र गर्दछ र वैदेशिक लगानी प्रतिको सरकारको फरक-फरक दृष्टिकोणलाई अनावृत गर्दछ ।

नेपालको सन्दर्भमा , विघटनको प्रक्रिया लामो र धेरै कदमयुक्त छ। कम्पनी ऐन र इनसल्भेन्सी ऐन (इनसल्भेन्सी एक्ट) बीच बाभिने धेरै प्रावधानहरू छन् (नेपाल ईकनमिक फोरम, २०१२) । उदाहरणका लागि, यो प्रष्ट छैन कि अदालतको भूमिका निरीक्षण अधिकृत र परिसमापक (लिक्वीडेटर) नियुक्त गर्ने मात्र हो कि सम्पूर्ण लिक्वीडेशन प्रक्रिया नै व्यवस्थापन गर्ने हो । कम्पनी ऐन र इनसल्भेसी ऐन दुवै समीक्षा गरी हेर्दा, दुवै ऐनले यस्तो मुद्धाका बारेमा स्पष्ट व्यवस्था नगरेको पाइयो । यस्तो कार्यान्वयन संयन्त्रको अभावले गर्दा लिक्वीडेटरले प्रक्रियालाई आत्मसाथ गर्न गाह्रो पार्छ। त्यसैगरी निरीक्षण अधिकृत र लिक्वीडेटरले आफ्ना प्रतिवेदनहरू बुझाएर अदालतले लिक्वीडेशन उचित कदम भएको निर्क्यौल गरेपछि मात्र लिक्वीडेशन प्रक्रिया सुरु हुन्छ। यद्यपि, इनसल्भेन्सी ऐनले अदातललाई कुनै पनि बेला लिक्वीडेशन प्रक्रिया रोक्न सक्ने शक्ति दिएको छ जबकि उक्त प्रक्रिया अदालतले आवश्यक अनुमति दिए पश्चात नै प्रारम्भ हुन्छ । वैदेशिक लगानीकर्ताको नजरमा यस्तो प्रावधानले लगानी कहिल्यै लिक्वीडेट नहुने जोखिम सृजना गर्दछ (चालिसे, २०१३) ।

प्रवेश र बहिर्गमनका आवश्यकताहरू बाहेक, निजी सम्पत्ति अधिकार र निजी स्तरमा निर्णय गर्ने अधिकारलाई प्रत्यक्ष रूपमा असर गर्ने अन्य व्यवस्थाहरू पनि छन्, जस्तै मूल्य निर्धारण र निजी सम्पत्ति राष्ट्रियकरण । वैदेशिक लगानी नीति मस्यौदाले जन स्वास्थ्य र राष्ट्रिय सुरक्षाको मुद्धामा मूल्य निर्धारण र निजी सम्पत्ति राष्ट्रियकरण दुवै कार्यलाई वैध मानेको छ। यद्यपि, यस्ता प्रावधानहरूलाई स्पष्ट शब्दमा व्याख्या गरिनु जरुरी छ ताकी लगानीकर्ताले कस्तो परिस्थितिमा यी कदमहरू उठाइन सक्नेछन् भन्ने कुरामा स्पष्ट हुन सकून् । सर्वोत्तम व्यवस्था त, यस्तो प्रावधानहरू नराख्नु नै हुन्छ ।

नेपाल सरकारले वैदेशिक लगानीलाई रोजगारी सृजना गर्ने र स्वस्थ निजी क्षेत्र स्थापना गर्ने माध्यमका रूपमा पहिचान गरेको छ । त्यसैले

विदेशी व्यवसायहरूलाई धेरै विदेशी नागरिकहरूलाई रोजगारी दिनबाट रोक्न र स्थानीय रोजगारीका अवसरहरू खोस्नबाट रोक्नका लागि नेपाल सरकारले विदेशी नागरिकले नेपालमा काम गर्न सक्ने समयावधिमा हदबन्दी तोकेको छ । वैदेशिक लगानी नीति मस्यौदाका अनुसार विदेशी व्यवसायहरूले नेपालमा उपलब्ध नभएका सीपका लागि मात्र विदेशी नागरिकलाई जागिरमा लगाउन पाउने र यस्ता व्यक्तिलाई रोजगारीमा लगाउँदा ५ वर्ष भित्र उक्त व्यक्तिलाई नेपाली नागरिकद्वारा प्रतिस्थापन गर्न आवश्यक कदम चाल्नुपर्ने व्यवस्था गरेको छ । यद्यपि, यस्तो कार्यका लागि प्रवेशाज्ञा पाउन अत्यन्त गाह्रो देखिन्छ जसले गर्दा व्यवसायहरूलाई विदेशी विशेषज्ञ ल्याउन अत्यन्त गाह्रो छ । विदेशी कामदारलाई बन्देज लगाएमा व्यवसायहरूले नेपाली कामदारलाई रोजगारी दिन बाध्य हुनेछन् भन्ने सरकारको सोच भएता पनि, सूचना प्रविधिको क्षेत्रमा भने, विदेशी विशेषज्ञहरू नेपाल ल्याउँदा झन् नेपाली कामदारका लागि रोजगारी सृजना हुने देखिन्छ । नेपालको बजार र पूँजीको आधार प्रारम्भिक अवस्थामा भएको हुँदा, नेपाली कामदारले गर्न नसक्ने काम व्यवस्थापन र निरीक्षण गर्न र व्यवसायका प्रक्रियाहरू विस्तार गर्न विदेशी विशेषज्ञहरूको आवश्यकता पर्नु कुनै नौलो कुरा होइन ।

वैदेशिक लगानी स्वीकृति प्रक्रिया चुस्त र छिटो पार्नका लागि, वैदेशिक लगानी नीति मस्यौदाले स्पष्टसँग नेपालमा नयाँ व्यवसाय सुरु गर्ने काममा लगानीकर्तालाई सहजीकरण गर्ने “एक द्वार सेवा केन्द्र” स्थापना गर्ने आसय व्यक्त गरेको छ । यद्यपि, यो सेवा केन्द्र नेपालमा पहिले नै स्थापित भइसकेका व्यवसायहरूको आवश्यकता पूरा गर्नका लागि स्थापना गर्न खोजिएको जस्तो देखिन्छ जसले एक द्वार सेवा केन्द्रको उद्देश्य नै अवमूल्यन गर्दछ। विगतका नीतिहरूले पनि समान किसिमको व्यवस्थाहरू गरेका थियो जुन कहिल्यै कार्यान्वयनमा आएनन् । त्यसैले कुनै देशलाई लगानी वा व्यवसाय मैत्री बनाउन कानून र प्रावधानहरू मात्र भएर पुग्दैन, सार्वजनिक जवाफदेहीताले पनि लगानीकर्तामा विश्वास जगाउन अत्यन्त महत्वपूर्ण भूमिका खेल्छ ।

तर यहाँ कुरा सरकारले लगानीलाई कतिको समर्थन गर्छ वा प्रवर्द्धन गर्छ भन्ने मात्र होइन : लगानीकर्ताहरू सुरक्षित वातावरणमा स्वतन्त्रतापूर्वक आफ्ना गतिविधि गर्न पाउने किसिमका नीतिहरू चाहन्छन् । लगानी त्यति

बेला सबैभन्दा प्रभावकारी हुन्छ जतिबेला लगानीकर्ताहरू एक सुरक्षित व्यवसाय वातावरणमा स्वविवेकले स्वतन्त्र रुपमा काम गर्न सक्छन् । उनीहरूलाई केवल उनीहरुले पहुँच गर्न सक्ने क्षेत्रहरूको एक साधारण नक्शा देखाए पुग्छ, कसैले त्यो उनीहरुलाई घोट्टाउनु पर्दैन । नयाँ वैदेशिक लगानी नीतिले उत्प्रेरणाका लागि भन्दै दिएको छुट, सुविधा आदिले एक किसिमले लगानीकर्ताहरूलाई कुन बाटो लिने भनेर निर्धारण गर्ने प्रयास गरेको छ भने नेपालको लगानीमैत्री वातावरणको विज्ञापन पनि गर्न खोजेको छ । यद्यपि, यस्ता प्रेरणाहरू तब मात्र प्रभावकारी हुन्छन् जब लगानीको वातावरण व्यवसाय मैत्री हुन्छ । अनुसन्धानले के देखाएको छ भने कमजोर लगानी वातावरण भएको प्रतिकुल व्यवसाय वातावरणलाई यस्ता उत्प्रेरणाले पूर्ति गर्न खोज्ने देशहरूले वैदेशिक लगानी कुल गार्हस्थ उत्पादनको १ प्रतिशतले वृद्धि भएको पाए भने स्वस्थ लगानी वातावरण भएका देशहरूमा वैदेशिक लगानी कुल गार्हस्थ उत्पादनको ८ प्रतिशतले वृद्धि भएको पाए (जेम्स, २००९) । त्यसैगरी, कर छुट र अन्य छुटले गर्दा देशहरूले राजस्व संकलन गर्ने अवसरहरू गुमाइराखेका हुन्छन् भनेर पनि जेम्स तर्क गर्छन् । त्यसै गरी एउटा देशमा कर छुट पाइराखेका व्यवसायहरूले अर्को देशमा अन्ततः कर तिर्नु परिराखेको हुन्छ । त्यसैले, यस्ता नीतिहरूले नयाँ धन सृजनाको कुनै नयाँ मार्ग नबनाई भएकै धनको पुनर्वितरणलाई मात्र बढावा दिन्छन् (ह्यान्डबुक, २०१०) ।

नयाँ वैदेशिक लगानी नीति मस्यौदाले विवाद समाधानका लागि पनि व्यवस्था गरेको छ र मध्यस्ततालाई विवाद समाधानको सबैभन्दा सजिलो उपायको रूपमा लिएको छ । यद्यपि, यस दस्तावेजले १ करोड डलर भन्दा माथिको लगानीका लागि मात्र करारमा उल्लेखित संयन्त्र मार्फत विवाद समाधान गर्ने अनुमति दिएको छ । नयाँ वैदेशिक लगानी नीतिले अदालत बाहिर नै विवाद समाधान गर्न प्रोत्साहित गरेको भएता पनि, १ करोड डलर भन्दा माथिको लगानीका लागि मात्र करारमा उल्लेखित संयन्त्र मार्फत विवाद समाधान गर्ने सुविधा दिनाले कमजोर करार कार्यान्वयन संयन्त्रतर्फ संकेत गर्न सक्छ । त्यसै गरी, सम्पूर्ण वैदेशिक लगानीलाई आफ्ना आसयहरू करारमा राख्न दिए मतभेदको संख्यामा कमी आउने थियो ।

# अध्याय ५ - निष्कर्ष

वैदेशिक नीतिहरू कुनै पनि देशका लागि महत्वपूर्ण कुरा हुन् । यी दस्तावेजले देशवासी र विदेशीहरूका लागि उत्तिकै महत्वपूर्ण विषयहरूमा देशको धारणा व्याख्या गर्छन् । यद्यपि, देशमा नौला अनुभव तथा अवसरहरू ल्याउन विश्व बजारमा समाहित हुनुपर्ने आवश्यकता अत्यन्त महत्वपूर्ण छ । अनुसन्धानले देखाएको छ कि खुल्ला अर्थतन्त्र भएका देशहरूले कम खुल्ला अर्थतन्त्र भएका देशहरू भन्दा उच्चस्तरको विकास र विशिष्टिकरण हासिल गर्छन् (बोरेन्सटाइन एट अल, १९९७) । खुल्ला अर्थतन्त्रमा हुने उच्चतम वृद्धिदरको कारण ब्याकवार्ड लिनकेजेस्, पूँजीको उपलब्धता, प्रविधि हस्तान्तरण र लगानी तथा व्यापारका अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू रहेको पाइएको छ । तीव्र गतिमा विस्तार भइरहेको विश्व बजार र यसमा धेरै देशहरूको परस्पर निर्भरता सहितको सहभागिताले गर्दा विश्व आर्थिक वातावरण प्रति खल्ला र ग्रहणशील हुनु अत्यन्त जरुरी हुन गएको छ। खुल्ला अर्थतन्त्र भएका देशहरूले अरु देशले बनाउने सबै भन्दा राम्रो उत्पादनसँग आफूले सबैभन्दा राम्रो बनाउने उत्पादनको कारोबार गर्ने प्रयास मार्फत उच्च स्तरको विशिष्किरण हासिल गरेको पाइन्छ। यसले गर्दा कुनै देशको अर्थतन्त्रमा वैदेशिक व्यवसाय संलग्न हुनाले भएका स्रोतको सदुपयोगमा मात्र नभई, स्रोतहरूको अझ बढी प्रभावकारी र कुशल ढंगले प्रयोग गर्ने मार्गहरू पनि खुल्छन्। वैदेशिक लगानी नीतिहरुले यो गतिशिलता सृजना गर्नमा महत्वपूर्ण भूमिका खेल्छन् र यी नीतिहरूले कुनै पनि देशमा अवसर खोजिरहेका लगानीकर्ताको भविष्य निर्धारण गर्दछन् ।

नेपालको नयाँ वैदेशिक लगानी नीतिको मस्यौदाले नयाँ धन निर्माणका लागि राष्ट्रका स्रोतहरू प्रयोग गर्नका लागि निजी क्षेत्रको बढ्दो भूमिका खोजेको छ। यस्ता स्रोतहरूमा मानव स्रोत र प्राकृतिक स्रोतहरू जस्तै जल, खनिज, वन तथा अन्य

भौतिक सम्पत्तिहरू पनि पर्दछन् । यद्यपि, सरकारले अँगालेको बलपूर्वक योजना कार्यान्वयन गर्ने नीतिले वैदेशिक लगानी नीतिले उल्लेख गरेका आदर्शहरूलाई गलत प्रमाणित गरेको देखिन्छ । स्रोतको सदुपयोगलाई सहजीकरण गर्ने भन्दा स्रोतलाई नियन्त्रण गर्न तर्फ उन्मुख नीतिहरूले बजारको लागि के राम्रो हुन्छ भनेर निर्णय गर्न खोज्छन् । स्रोतहरूलाई निश्चित प्रयोगकर्ताका लागि निर्धारित गर्न खोज्ने नीतिहरूले बजारलाई अवाञ्छित तरिकाले मोडिदिन्छन् र अनपेक्षित दीर्घकालीन परिणाम ल्याउन सक्छन् । यस्तो गल्तीलाई बजारलाई आफैं कसले के कुन समयमा प्रयोग गर्छ भन्ने निर्णय गर्न दिएर सजिलै रोक्न सकिन्छ । औद्योगिकिकरण भएका राष्ट्रहरूले स्रोतको प्रभावकारी उपयोग गर्नु पछाडिको एउटा महत्वपूर्ण कारण स्वतन्त्र बजार नीति अँगाल्नुलाई मानिन्छ ।

कुनै पनि अर्थतन्त्र पूर्ण रूपमा स्वतन्त्र छैन । यद्यपि, उद्यमी र उपभोक्ताहरूले विभिन्न श्रेणीको स्वतन्त्रता उपभोग गर्न पाइराखेका हुन्छन् । सरकारले जनताको सम्पत्तिको अधिकारको रक्षा गर्नुपर्ने र उनीहरूलाई हानीबाट जोगाउनु पर्ने कुरामा सबैजसो मानिसहरू सहमत भएता पनि सरकारको अत्याधिक नियन्त्रणले ल्याउन सक्ने बर्बादी सोभियत रुसको पतन र केन्द्रिय योजनामा आधारित अर्थतन्त्रबाट मोडिएपछि भएको चीनको तीव्र वृद्धिको उदाहरणबाट सिक्न सकिन्छ । कुनै पनि सरकार भन्दा बजार नियन्त्रणको प्रभावकारी यन्त्र हो किनकी यसले गल्तीका लागि पनि स्थान छुट्ट्याएको हुन्छ र सहभागीहरूलाई गल्तीबाट सिक्ने अवसर पनि प्रदान गर्दछ ।

नयाँ वैदेशिक लगानी नीति मस्यौदाले “दोस्रो चरणको सुधार”को लक्ष्य लिएको भएता पनि, योजना गर्ने मानसिकता हटाएर समष्टिगत आर्थिक परिवर्तनहरू आउन नदिए सम्म पर्याप्त र सहयोगी परिवर्तनहरू आउने छैनन् । सरकारले स्वदेशी वा विदेशी निजी क्षेत्रको सहभागिता सहजीकरण गर्न सक्ने एकदम सरल उपायमध्येको एक उपाय बजारको प्रक्रियाबाट सरकारको संलग्नता घटाउनु र त्यसपश्चात आउन सक्ने असंगतिलाई बजारलाई नै सुधार गर्न दिनु हो । सरकारको कम संलग्नताले सरकारको जवाफदेहीतामा पनि सुधार ल्याउँछ किनकी यसले बजारको सुचारूपन नियन्त्रण गर्नुपर्ने जिम्मेवारीबाट निकायहरूलाई राहत प्रदान गर्छ ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकले पूँजीगत खाता पनि परिवर्तनीय बनाउनका लागि कदम चाल्न आवश्यक छ ताकि आर्थिक स्रोतमा नेपालको पहुँच वृद्धि होस् । वैदेशिक लगानी नीति मस्यौदाले नेपालसँग अत्यन्त कम आन्तरिक बचत भएको र पूँजीसम्म सीमित पहुँच भएको कुरा स्वीकारेको छ र देशमा भएको उपयोगयोग्य पूँजीको परिमाण बढाउने एउटा अत्यन्त सरल उपाय पर्याप्त पूँजी भएका व्यक्ति वा संस्थाहरूलाई देशमा उनीहरूको इच्छा अनुसार लगानी गर्न दिनु हो । परिवर्तनीय पूँजी खाता हुनुको केही नकरात्मक पक्षहरू अवश्यै छन् । जस्तै, वृद्धिको समयमा जोखिमयुक्त लगानी हुनु र मन्दीको समयमा व्यापक रूपमा पूँजी पलायन हुनु । यद्यपि, यस्ता नकरात्मक असरहरूलाई पर्याप्त वित्तिय सावधानी अँगालेर र देशलाई क्रमैसँग परिवर्तनीयताको उच्च स्तर तर्फ डोऱ्याएर निवारण गर्न सकिन्छ ।

नेतृत्वलाई अभिभावकको भूमिकाबाट अवलोकनकर्ताको भूमिकातर्फ विस्तारै लान कदमहरू चालिनुपर्छ । देश परिपक्व भएर विश्व बजारमा प्रतिस्पर्धा गर्नका लागि जनताहरूलाई पनि परिपक्व हुने अवसर दिनु महत्वपूर्ण छ । नेपाली उद्यमीहरू व्यवसाय सञ्चालन गर्दा उत्पन्न हुने जोखिमका बारेमा राम्रोसँग सचेत छन् र यस्ता जोखिम मोलेर र बजार प्रक्रियाबाट पाठ सिकेर नै उनीहरू विश्वका सामु आफ्नो उपस्थिति दर्शाउन सक्छन् ।

# सन्दर्भ सामग्रीहरु


Asiedu, Elizabeth. On the Determinants of Foreign Direct Investment to Developing Countries: Is Africa Different? (2002). World Development Vol. 30, No 1, pp. 107-119

Bhagwati, Jagdish N., and Brecher, Richard A., Srinivasan, T.N. (1984). DUP Activities and Economic Theory. Economic European Theory. Vol 24. Pp 291-307.

Blomstrom, Magnus, and Kokko, Ari. (2003). The Economics of Foreign Investment Incentives. NBER Working Paper 168.

Borensztein, E., Gregorio, J. De., Lee J-W. (1998). How does Foreign Direct Investment affect Economic Growth? Journal of International Economics 45.

Bureau of Economic and Business Affairs. (2013) "2013 Investment Climate Statement-2013."

Chalise, Bhola Nath, and Rijal, Pramod, and Pyakurel Vivek Nath, and Shrestha, Akash. (2013). Foreign Direct Investment: Towards Second Generation of Reforms. Samriddhi, the Prosperity Foundation. ISBN: 978-9937-8680-8-2.

Cordero, Jose, and Paus, Eva. (2008). Foreign Investment and Economic Development in Costa Rica: The Unrealized Potential. Working Group on Development and Environment in the Americas. Discussion paper no 13.

Friedman, Milton.(1977) "Nobel lecture: inflation and unemployment." The Journal of Political Economy: 451-472.

Gernigon, B, Odero, A & Guido, H. (2000). ILO principles concerning the right to strike. Geneva: International Labour Office

Glomm, Gerhard, and Balasubrahmanian Ravikumar. (1992) "Public versus private investment in human capital: endogenous growth and income inequality." Journal of Political Economy: 818-834.

James, Sebastian. (2009). Providing Incentives for Investment- Advice for Policymakers in Developing Countries. World Bank Group, Investment Climate Department, Washington DC.

Kohler, Philippe. (2010). Foreign Direct Investments in Countries with Weak institutions. SciencesPo, Groupe Economie Mondiale.

Nepal's Foreign Investment Policy and its Implication to Investors

46 | www.samriddhi.org

Krishnan, Anita, and Connelly, Kathyrn, Connelly, and Giri, Surath. (2013). Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal. Samriddhi, the Prosperity Foundation. ISBN: 978-9937-8680-7-5.

Lipsey, Robert E. (2002). Home and Host Country Effects of FDI. NBER working paper 9392.

Nepal, Arpita, Acharya, and Acharya, Koshish, and Neupane, Shreya. (2013). Industrial Relations: An Institutional Analysis. Samriddhi, the Prosperity Foundation. ISBN: 978-9937-8680-6-8.

Reserve Bank of India. (1997) "Report on the Committee on Capital Account Convertibility."

SAWTEE (2011). General Agreement on Trade in Service (GATS) and Nepal 's Commitments. Retrieved May 8, 2014, from http://www.sawtee.org/presentations/GatsPokhara.pdf

Schneider, Benu. (2000) "Issues in Capital Account Convertibility in Developing Countries." Overseas Development Institute.

Schultz, Theodore W. (1961). "Investment in human capital." The American economic review (1961): 1-17.

Soto, Christian de la Medina, and Tania Ghossien. International Finance Corporation, "Starting a Foreign Investment Across Sectors."

Trejos, Alberto. (2014). "Economic Growth and Restructuring Through Trade and FDI- Costa Rican Experiences of Interest to Cuba." Brookings, Washington DC.

Vanderbruggen, Edwin; Evans, Fergus. (2013). "Myanmar: Foreign investment rules in practice"; Clifford Chance.

World Bank Group, "Investment Law Reform-Handbook for Development Practitioners."

Zafar, Ali. (2011). "Chapter 5 - Mauritius: An Economic Success Story." From "Yes Africa Can- Stories from a Dynamic Continent." Edited by Punam Chuhan-Pole and Manka Angwafo. World Bank Group.

# समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
# एक परिचय

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौस्थित यस फाउण्डेशनले सार्वजनिक नीतिहरुमा सन् २००८ देखि अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सक्रिय भएर काम गर्दै आएको यस संस्थाले अर्थ-राजनीतिक सन्दर्भका निम्न चार विषयहरुमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ :

१) उद्यमशीलता विकास
२) व्यवसायिक वातावरणमा सुधार
३) आर्थिक नीति सुधार
४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

यस संस्थाले आर्थिक समृद्धि संभव बनाउने एक महत्वपूर्ण यन्त्रका रुपमा उद्यमशीलतालाई पहिचान गर्छ । तसर्थ, उद्यमशीलता लगायत माथि उल्लेखित अन्य विषयहरुमा हाते पुस्तक, विभिन्न पाकेटबुक, छलफल पत्रहरु, लेखहरु, सम्बद्ध नीतिहरुको विश्लेषण र उक्त विषलेषणमा आधारित नीति पत्रहरु लगायतका प्रकाशनहरु समृद्धि फाउण्डेशनले निकाल्ने गर्दछ । त्यसै गरी आर्थिक वृद्धिका क्षेत्रमा सन् २०११ मा नेपालको आर्थिक वृद्धि र निजी क्षेत्र तथा सन् २०१२ मा नेपालको आर्थिक वृद्धिका प्रमुख चुनौतीहरुमा केन्द्रित रहेर विभिन्न विज्ञहरुद्वारा विश्लेषण गरी लेखिएका लेखहरुको संग्रहको वार्षिक रुपमा यस संस्थाले प्रकाशन गर्दछ ।

यस बाहेक समृद्धि फाउण्डेशनले नेपालको आर्थिक वृद्धिका विभिन्न पक्षरुमा पनि क्षेत्रगत अध्ययन तथा अनुसन्धान गर्दछ । हरेक वर्ष आर्थिक विकास तथा व्यवसायहरु सम्बन्धी तथ्याङ्कहरु पनि सार्वजनिक गर्ने काम यस संस्थाले गर्दै आइरहेको छ। क्यानडाको फ्रेजर इन्सिटयुटले वार्षिक रुपमा प्रकाशन गर्ने आर्थिक स्वतन्त्रताको विश्व प्रतिवेदन तथा वासिङटनस्थित प्रपर्टी राइट अलायन्सले प्रकाशन गर्ने अन्तराष्ट्रिय सम्पत्तिको अधिकार सम्बन्धी सूचाङ्क तथा अन्य सान्दर्भिक प्रतिवेदन, लेख तथा तथ्याङ्कहरु वार्षिक रुपमा समृद्धि फाउण्डेशनले नेपालमा सार्वजनिक गर्दै आएको छ ।

यी बाहेक सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलता सम्बन्धी पाँच दिने आवासीय विद्यालय "अर्थालय", सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम "उद्यमीसँग महिनाको अन्तिम बिहिबार", वार्षिक रुपमा यस संस्थाले तयार पार्ने "नेपाल आर्थिक विकास एजेण्डा" आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन् । यसका साथै समृद्धि फाउण्डेशनले "गरी खान देऊ" जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ। विधिको शासन, जीउ धनको सुरक्षा र आफूले रोजेको उद्यम व्यवसायमा स्वतन्त्रतापूर्वक लाग्न पाउने तीन अवस्थालाई गरी खान पाउने देशको पूर्वावस्था मानी यस अभियानले व्यवसायीक वातावरण सुधार गर्नतर्फ जोड दिन्छ ।

थप जानकारीका लागिः
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
४१६, भीमसेनगोला मार्ग, मीनभवन, खरिबोट
पोस्ट बक्स नं. : ८९७३, एन. पि. सी. ६७८
काठमाडौं, नेपाल

फोन : (+९७७ १) ४४६ ४६१६/४४८ ४०१६
फ्याक्स : (+९७७ १) ४४८ ५३९१

इमेलः info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

# More from Samriddhi...

01. Towards Enterprise Building in Nepal
02. Towards Enterprise Building in Nepal (Vol. II)
03. उद्यमशीलता विकासः हाते पुस्तिका
04. Economic Growth: a pocketbook series
    i. आर्थिक स्वतन्त्रता
    ii. उद्यमशीलता विकासमा बजारको भूमिका
    iii. बजारका गुणहरु
    iv. Role of Rule of Law in Enterprise Building
    v. Role of Government in Enterprise Building (Vol. I)
    vi. Role of Government in Enterprise Building (Vol. II)
05. Economic Growth and The Private Sector of Nepal
06. दासत्वको बाटो (Nepali Translation of "The Road to Serfdom")
07. Nepal Economic Growth Agenda (NEGA), Report 2012
08. Critical Constrains to Economic Growth of Nepal
09. Investment Prospects and Challenges for Hydropower Development in Nepal
10. Review & Overview of Economic Contribution of Education in Nepal
11. Private Sector Participation in Transport Infrastructure Development in Nepal
12. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal
13. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal
14. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal
15. Foreign Direct Investment: Towards Second Generation of Reforms
16. Industrial Relations An Institutional Analysis
17. Doing Business in Nepal: Ground Realities
18. Analysis of the Performance of the Public Enterprises
19. Policy Options for Improving Industrial Relations in Nepal
20. Policy Options for Improved Electricity Transmission System in Nepal
21. Policy Optons for Public Enterprises Reform in Nepal : A look at two public enterprises
22. Economic Freedom Matters : Does Economic Freedom Affect *Kirana Pasals* in Nepal

*All the publications are available in Samriddhi, The Prosperity Foundation and major bookstores in the country.*